३५ औं वार्षिकोत्सव

ऋण लगानीमा पूर्वाधार
सम्बृद्ध नेपालको आधार

# वार्षिक प्रतिवेदन
## (२०७८/०७९)

## नगर विकास कोष

**सम्पर्क**

## नगर विकास कोष

मध्य वानेश्वर, काठमाडौं
पो. ब. न. ५१४४

**टेलिफोन नं.**
०० ९७७ १ ४४९३८६६
०० ९७७ १ ४४६४८७४
०० ९७७ १ ४४६५६५१

**फ्याक्स**
०० ९७७ १ ४४७१२२७

**इमेल** : tdf@tdf.org.np

**वेब** : www.tdf.org.np

**सामाजिक संजाल**
facebook.com/Town Development Fund-TDF

**सम्पादक मण्डल**
सृजना खड्का
अनिता खत्री
नारायण कुमार विसी
सुमन मेहेर श्रेष्ठ

**प्रकाशक**
नगर विकास कोष

**प्रकाशन मिति**
२०७९-११-०२

# नगर विकास कोष ऐन, २०५३ को दफा २८ (२) बमोजिम प्रकाशित वार्षिक प्रतिवेदन

# विषय सूची


१. कोषको परिचय १
- १.१ पृष्ठभूमि १
- १.२ कोषको दूरदृष्टि (Vision) २
- १.३ कोषको ध्येय (Mission) २
- १.४ कोषको मूल मान्यता (Core Value) २
- १.५ कोषको उद्देश्यहरू २
- १.६ कोषको मुख्य मुख्य काम कर्तब्य र अधिकार २
- १.७ कोषको रणनीतिहरू ३
- १.८ कोषको लगानीका क्षेत्रहरू ४
- १.९ कोषको सेवाग्राहीहरु ४
- १.१० कोषको ऋण लगानीका विधिहरु ५
- १.११ ऋण आवेदन प्रक्रियाका लागि आवश्यक कागजातहरु (Documents for Application) ५

२. आ.व. ०७८/७९ मा कोषद्वारा संचालित कार्यक्रमहरूको प्रगति समीक्षा ६
- २.१ नगर विकास कार्यक्रम (Town Development Program) ६
- २.२ शहरी पूर्वाधार विकास आयोजना (Urban Infrastructure Develoment Project) ६
- २.३ शहरी खानेपानी तथा सरसफाई (क्षेत्र) आयोजना (Urban Water Supply and Sanitation Sector Project –UWSSSP) ९
- २.४ कोषको स्वःपूजी (ईक्विटी) बाट सञ्चालित कार्यक्रमहरू ११

३. नगर विकास कोष र अन्तर्राष्ट्रिय संघ संस्थाको सहकार्यमा संञ्चालित कार्यक्रमहरू १६
- ३.१ संयुक्त राष्ट्र पूँजी विकास कोष संगको सहकार्य (United Nations Capital Development Fund) १६
- ३.२ नगरपालिका वित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रम १६
- ३.३ हरित जलवायु कोष (Green Climate Fund) १८

४. संस्थागत विकास, व्यवसाय प्रबर्द्धन तथा जनशक्ति व्यवस्थापन १९

५. अनुगमन तथा मुल्याङ्कन २३

६. कोषको वित्तीय अवस्था २४
६.१ आयोजनाहरूमा ऋण तथा अनुदान लगानी २४
६.२ ऋण असुली २४
६.३ ऋण भुक्तानी २४
६.४ आम्दानी २४
६.५ कूल सञ्चालन खर्च २५
६.६ वचत २५
६.७ पूँजी वृद्धि २५

७. कोषको भावी योजना २६

७.१ कोषको व्यवसायिक योजना २७

नगर विकास कोषको पुनःसंरचना रणनैतिक-पत्र २९
१. पृष्ठभूमि ३१
२. कोषको पुनःसंरचना गर्नु पर्ने कारण र आधार ३१
३. थप गर्नु पर्ने क्षेत्राधिकार ३२
४. कानूनी पुनःसंरचना ३२
५. पूँजीगत पुनःसंरचना ३३
६. वित्तीय श्रोत ३३
७. कोष समितिको पुनःसंरचना ३३
८. व्यवस्थापकिय संरचना ३४
९. कोषको लगानीको सुरक्षण ३४
१०. कोषको नियमन ३५
११. निष्कर्ष ३५

८. कोषबाट सम्पन्न भएका विभिन्न क्रियाकलापहरू ४१

# प्रधानमन्त्री

मा. विक्रम पाण्डे
मन्त्री
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Hon'ble Bikram Pandey
Minister
Ministry of Urban Development
Singhadurbar, Kathmandu, Nepal




पत्र संख्या/Let.No.:
चलानी नं./Ref.No.:

# शुभकामना सन्देश

मुलुकको शहरी पूर्वाधार विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउँदै आएको नगर विकास कोषले आफ्नो ३५ औं वार्षिकोत्वको अवसरमा कोषका विभिन्न गतिविधीहरु सहित **वार्षिक प्रतिवेदन** प्रकाशन गर्न लागेकोमा अत्यन्त खुशी लागेको छ ।

शहरी पूर्वाधार विकास तथा स्थानीय तहहरुको क्षमता विकास गर्ने उद्देश्यले आजभन्दा ३४ वर्ष अगाडि स्थापना भएको यस संस्थाले आफ्नो उद्देश्य अनुरुप शहरी पूर्वाधार विकासमा महत्वपूर्ण योगदान गर्दै आएको छ । नेपाल जस्तो विकासोन्मुख राष्ट्रका लागि ऋण परिचालन गरी पूर्वाधार निर्माण तथा ऋण असुली आफैंमा चुनौती भएको परिपेक्ष्यमा कोषले शहरी पूर्वाधार विकासमा ऋण परिचालन तथा असुलीको अवधारणालाई स्थापित गर्न सफल भएको छ ।

बढ्दो शहरीकरणसँगै देश संघीय शासन पद्धतिमा रुपान्तरण भईसकेको अवस्थामा संघीयताको भावना अनुरुप स्थापना भएका प्रादेशिक तथा स्थानीय सरकारहरुलाई पूर्वाधारको विकास तथा विस्तार गर्नका लागि आवश्यक पर्ने वित्तीय तथा प्राविधिक सहयोग प्रदान गर्न सक्ने एक सुदृढ संस्थाको टड्कारो आवश्यकता रहेको छ । नेपालको शहरी पूर्वाधार विकासको क्षेत्रमा लामो अनुभव संगालेको कोषलाई एक व्यावसायिक तथा सुदृढ संस्थाको रुपमा रुपान्तरणका लागि यसको कार्यक्षेत्र विस्तार एवं पुंजी वृद्धिका लागि **नगर विकास कोष पुनः संरचना रणनैतिक-पत्र** तयार भई नेपाल सरकारको स्वकृतीको प्रकृयामा अगाडि बढिरहेको छ । सोहि बमोजिम विद्यमान नगर विकास कोष ऐन २०५३ लाई संशोधन गरी मुलुकको वित्तीय बजार एवं निजी क्षेत्रको पूँजीलाई समेत शहरी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने दीगो वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा विकास गर्न मन्त्रालय प्रतिवद्ध छ ।

नगर विकास कोष आगामी दिनमा मुलुक कै एक नेतृत्वदायी वित्तीय मध्यस्थतकर्ता संस्थाको रुपमा स्थापित भई व्यवस्थित शहरी पूर्वाधार विकासका लागि आवश्यक पर्ने लगानी परिचालन गर्न सक्षम हुने विश्वास व्यक्त गर्दै ३५ औं वार्षिकोत्सवको अवसरमा कोषसंग सहकार्य गर्नुहुने विभिन्न सरकारी निकाय, विकास साझेदार संस्थाहरु, स्थानीय तह, खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दै नगर विकास कोष परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

विक्रम पाण्डे
मन्त्री
शहरी विकास मन्त्रालय

मा. विक्रम पाण्डे
मन्त्री


फोन: ९७७-१-४२०००३४, ४२०००३५ | फ्याक्स: ९७७-१-४२०००२४६ | वेभसाइट: www.moud.gov.np
Phone: 977-1-420034, 4200035 | Fax: 977-1-4200246 | Website: www.moud.gov.np

नेपाल सरकार

# शहरी विकास मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।



पत्र संख्या:-
चलानी नं.:-

## शुभकामना

योजनाबद्ध शहरी पूर्वाधार विकासका आयोजनामा ऋण तथा अनुदान परिचालन गरी दिगो पूर्वाधार विकास र स्थानीय तहको क्षमता विकासमा सहयोग गर्न स्थापना गरिएको नगर विकास कोष ३४ औं वर्ष पूरा गरी ३५औं वर्षमा प्रवेश गरेको अवसरमा यस संस्थाको लक्ष्य तथा उपलब्धीहरु सहित आ.व.२०७८।७९ को बार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेकोमा खुसी ब्यक्त गर्दछु ।

शहरी विकास मन्त्रालयले शहरी विकासका विविध पक्षहरुलाई समेटी लागु गरिएको राष्ट्रिय शहरी नीतिलाई प्रभावकारीरुपमा कार्यान्वयनका लागि शहरी विकास ऐन बनाई कार्यान्वयन गर्न लागि रहेको सन्दर्भमा यसले शहरी पूर्वाधार विकास लागि वित्तीय स्रोत परिचालनका विविध आयामहरु खुल्ने र सहजीकरण हुने कुरामा विश्वास लिईएकोछु ।

हाल शहरीकरणको तिब्र विस्तार संगै दिगो पूर्वाधार विकासको महत्व बढ्दै गएकोले राष्ट्रिय शहरी विकास रणनीतिलाई अवलम्वन गर्दै नगर विकास कोषले स्थानीय तहहरुको आर्थिक, सामाजिक तथा आधारभुत पूर्वाधारहरु निर्माणका लागि वित्तीय स्रोत परिचालन तथा क्षमता विकासका लागि प्राविधिक सहयोग गरी मुलुकको शहरी पूर्वाधार विकासमा योगदान पुऱ्याएकोछ ।

मुलुकमा बढ्दो शहरीकरणसंगै प्रादेशिक एवं स्थानीय सरकारहरुलाई पूर्वाधारको दिगो विकास तथा विस्तार गर्नका लागि आवश्यक पर्ने वित्तीय एवं प्राविधिक सहयोग पुऱ्याउने एक सुदृढ संस्थाको आवश्यकता देखिएकोले नेपालको शहरी पूर्वाधार विकासका क्षेत्रमा लामो अनुभव सँगालेको यस नगर विकास कोषको हालको कार्यक्षेत्र तथा पूँजी पूनःसंरचना सहित एक ब्यावसायिक तथा सुदृढ संस्था बनाउन आवश्यक देखिन्छ । नगर विकास कोषको रुपान्तरणका लागि **नगर विकास कोषको कार्य क्षेत्र विस्तृतिकरण एव्म पूँजी पुनः संरचना सम्बन्धी रणनैतिक-पत्र,** कोषको संचालक समितिवाट स्वीकृत भई नेपाल सरकारवाट स्वीकृत गराउने प्रक्रिया मन्त्रालयले अगाडि बढाएको छ । सोहि बमोजिम विद्यमान नगर विकास कोष ऐन २०५३ लाई संशोधन गरी मुलुकको वित्तीय बजार एवं निजी क्षेत्रको पूँजीलाई समेत शहरी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने दीगो वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा विकास गर्न मन्त्रालय प्रतिवद्ध छ ।

अन्तमा नगर विकास कोषले मुलुकको संघीय संरचनाको आधारमा व्यवस्थित शहरी पूर्वाधार विकासका लागि आवश्यक पर्ने लगानी परिचालन गर्न सक्षम हुने र मुलुककै एक नेतृत्वदायी वित्तीय मध्यस्यथकर्ता संस्थाको रुपमा विकसित हुनेछ भन्ने बिश्वास व्यक्त गर्दै ३५औं वार्षिकोत्सवको अवसरमा कोषसंग सहकार्य गर्नु हुने दातृ निकाय, नगरपालिका तथा साना शहरी खानेपानी उपभोक्ता समितिहरुलाई धन्यवाद ज्ञापन गर्दै नगर विकास कोष परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सुरेश आचार्य
सचिव,
शहरी विकास मन्त्रालय
एवं, अध्यक्ष, नगर विकास कोष

फोन नं.: ४२११८८३, ४२११६७३ , फ्याक्स: ९७७-१-४२११८७३, ९७७-१-४२००२४६
इमेल: info@moud.gov.np, वेवसाइट: www.moud.gov.np

# नगर विकास कोष

पोष्ट बक्स नं. : ५१४४
नयाँ बानेश्वर,काठमाडौं
फोन नं. : ४४९३८६६, ४४६४८७४, ४४६५६५१
फ्याक्स नं. ००९७७-१-४४७१२२७
इमेल: tdf@tdf.org.np, Website: www.tdf.org.np

पत्र संख्या :
चलानी नं. :



## प्रतिवद्धता

यस नगर विकास कोष वि.सं. २०४५ सालमा स्थापना भई हाल देशका ८८ वटा नगरपालिकाहरु र ११० वटा साना सहरहरुमा आफ्नो सेवा विस्तार गर्न सफल भएको छ । शहरी पूर्वाधारका विभिन्न आयोजनाहरु बसपार्क, कृषि बजार, नगरपालिका प्रशासकीय भवन, विद्यालय भवन, अस्पताल भवन, खानेपानी, ढल निर्माण, व्यापारिक भवन, फोहोर मैला व्यवस्थापन, जग्गा व्यवस्थापन, सडक आदि लगायत करिव १२०० वटा आयोजनाहरु सम्पन्न गरी ३५ औं वर्षमा प्रवेश गरेको छ ।

कोषले नेपाल सरकार, जर्मन विकास बैंक, एशियाली विकास बैंक, विश्व बैंक तथा अन्य विकास साझेदारहरुको वित्तीय तथा प्राविधिक सहयोग ऋण तथा अनुदानको रुपमा परिचालन गर्दै आएको छ र नियमितरुपमा नेपाल सरकारलाई तिर्नु पर्ने साँवा तथा ब्याज भुक्तानी गरी लगानी तर्फको ऋण असुली सन्तोषजनकरुपमा गरीरहेको छ । कोषमा लगानीका लागि प्राप्त भएका प्रस्तावित आयोजनाहरुमा विद्यमान वित्तीय स्रोत अप्रयाप्त भएकोले कोषले लगानीका अन्य विधिहरु अवलम्बन गर्दै आएको छ । अन्तर्राष्ट्रिय संघ/संस्थाबाट वित्तीय स्रोत परिचालन गर्ने उद्देश्यले हरित जलवायु कोष (GCF) बाट मान्यता प्राप्त संस्था (Accredited) हुनका लागि प्रकृया दोस्रो चरण अगाडि बढेको छ ।


नेपालको शहरीकरण तिब्ररुपमा बढिरहेको हालको अवस्थामा व्यवस्थित, उत्थानशिल तथा आर्थिकरुपमा चलायमान शहरहरुको अपरिहार्यता बढ्दै गईरहेको छ । शहरी परिवेशका बहुआयामिक पक्षहरु थप हुदै गईरहेका छन्, यसबाट अवसर र चुनौतिहरु पनि थपिंदै गएका छन् । एकीकृत विकासको दृष्टिकोणबाट अबका विकास निर्माणका विधी र वित्तीय स्रोत परिचालनका अवधारणालाई समय सापेक्ष नबनाएमा अपेक्षित उपलब्धी हासिल गर्न कठिन हुने देखिन्छ । त्यसैले वर्तमान समयमा विश्व समुदाय पनि वैकल्पिक विधि र स्रोत परिचालनबाट प्रतिफलमुखी पूर्वाधार निर्माणमा अग्रसर छन् । नेपालले पनि राष्ट्रियरुपमा Debt Financing Policy तयार गरी शहरी पूर्वाधार निर्माणका लागि मिश्रित लगानी (Blended Finance) अवधारणा अवलम्वन गर्न जरुरी देखिन्छ ।

विद्यमान संघीय संरचना, पूवार्धार निर्माणका लागि आवश्यक पूंजी परिचालन, निजि क्षेत्रको सहभागिता सहित आर्थिक, सामाजिक तथा आधारभूत पूर्वाधार विकासमा दीर्घकालीन ऋण तथा अनुदान लगानी गर्न **कोष संचालक समितिबाट स्वीकृत नगर विकास कोषको कार्य क्षेत्र विस्तृतिकरण एव्म पूंजी पुन: संरचना सम्बन्धी रणनैतिक-पत्र** बमोजिम नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्य संस्थाहरुको समेत स्वामित्व रहने गरी अधिकृत पूंजी रु. ५० अर्व र चुक्ता पूंजी रु. २० अर्व बराबरको इक्वीटी संरचना सहित नगर विकास कोष ऐन, २०५३ को संशोधन प्रक्रिया अगाडी बढाईएको छ ।

नेपालको दिगो शहरी पूर्वाधार विकासमा ऋण, अनुदान लगानी तथा प्राविधिक सहयोग गरी दिगो वित्तीय मध्यस्थकर्ता बनाउने योजनासहित कोषको ४ वर्षे (आ.व. ०७७/७८–०८०/८१) व्यावसायिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरु हासिल गर्ने प्रतिवद्धता व्यक्त गर्दै नेपाल सरकार, विकास साझेदारहरु, सेवाग्राही तथा सम्बन्धित विभिन्न संघसंस्थाहरुलाई कोषको तर्फबाट विशेष धन्यबाद दिन चाहन्छौं ।

...................................
कृष्ण प्रसाद सापकोटा
**कार्यकारी निर्देशक**

# संगठन संरचना




संचालक समिति
उप-समिति
कार्यकारी निर्देशक
सचिवालय एवं योजना अनुगमन तथा मूल्यांकन केन्द्र
आन्तरिक लेखा परीक्षण
सुचना व्यवस्थापन शाखा
योजना, अनुगमन तथा मूल्याङ्कन शाखा
अनुसन्धान तथा विकाश
आयोजना व्यवस्थापन तथा प्राविधिक सहयोग विभाग
वित्त तथा मानव संशाधन विभाग
व्यवसाय प्रबर्द्धक तथा आयोजना विकास महाशाखा
आयोजना अनुगमन तथा सुपरिबेक्षक व्यवस्थापन महाशाखा
प्राविधिक सहयोग तथा परामर्श सेवा महाशाखा
आयोजना मूल्याङ्कन महाशाखा
वित्त तथा कोष व्यवस्थापन महाशाखा
मानव संशाधन महाशाखा
ग्राहक सम्बन्ध तथा सानिसा प्रबर्द्धन शाखा
आयोजना विकास शाखा
खरिद सेवा सहयोग शाखा
आयोजना अनुगमन शाखा
तालिम तथा क्षमता अभिबृद्धि शाखा
आयोजना मूल्याङ्कन शाखा
लगानी तथा असुली शाखा
लेखा शाखा
प्रशासन शाखा
जिन्सी तथा खरिद शाखा

# संचालक समिति



अध्यक्ष
**सुरेश आचार्य**
सचिव
शहरी विकास मंत्रालय



सदस्य
**रण बहादुर राई**
नगर प्रमुख, सूर्योदय न.पा.



सदस्य
**प्रदिप कुमार यादव**
नगर प्रमुख, वौधिमाई न.पा.



सदस्य
**मिना कुमारी लामा**
नगर प्रमुख, हेटौडा उप-महान.पा.



सदस्य
**धनराज आचार्य**
नगर प्रमुख, पोखरा महान.पा.



सदस्य
**जोगराज चौधरी**
नगर प्रमुख, लमही न.पा.



सदस्य
**धनकुमारी शाही**
नगर उप-प्रमुख, आठविसकोट न.पा.



सदस्य
**सुशिला शाही**
नगर प्रमुख, लम्कीचुहा न.पा.



सदस्य
**ईश्वरी प्रसाद अर्याल**
सह-सचिव, अर्थ मन्त्रालय



सदस्य
**रघु राम बिष्ट**
सह-सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय



सदस्य
**श्री रतन कुमार मिश्र**
अर्थ विज्ञ



सदस्य
**श्री रामदीप साह**
प्राविधिक विज्ञ



सदस्य
**रन्जु कुमारी साह**



सदस्य
**ईश्वरी राज भट्टराई**



सदस्य सचिव
**कृष्ण प्रसाद सापकोटा**
कार्यकारी निर्देशक

# कार्यकारी सारांश

आधुनिक पूर्वाधारयुक्त योजनावद्ध, वातावरणमैत्री, विपद् प्रतिरोधी, व्यवस्थित, समावेशी, आर्थिकरूपमा गतिशील र सुन्दर शहरहरू नै सुरक्षित र सम्बृद्ध मानव वस्तीका पहिचान हुन । हाल विश्वव्यापीरूपमा तिब्ररूपमा बढ्दै गएको शहरीकरणसंगै नेपालको शहरी जनसख्या समेत कूल जनसंख्याको ६६.३ प्रतिशत पुगिसकेको छ । विद्यमान शहरहरू लगायत भविष्यमा निर्माण हुने शहरहरूमा शहरी सुविधाहरूको पर्याप्त उपलब्धता सहित शहरी जीवनस्तरमा सुधार ल्याउन भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधारहरूको गुणस्तरीय, वातावरणमैत्री र दिगो शहरी पूर्वाधार निर्माण, विकास तथा विस्तारमा ठूलो लगानीको आवश्यकता रहेको छ जसका लागि सबै प्रकारका स्रोत साधनहरूको पहिचान र समुचित उपयोग सहित लगानीलाई दिगो र परिणामुखी बनाउनु नितान्त आवश्यक छ ।

नगर विकास कोष विगत ३४ वर्ष देखि नगरहरूमा शहरी सुविधाहरूको पर्याप्त उपलब्धता तथा शहरी जीवनस्तरमा सुधार ल्याउन नगरहरूको सामाजिक तथा आर्थिक पूर्वाधारहरूको निर्माण, विकास तथा विस्तारमा स्थानीय तह, साना शहर एवम् शहरी विकाससँग सम्बन्धित निकायहरूसंग सहकार्य गर्दै वित्तीय तथा प्राविधिक सहयोग प्रदान गर्दै आएको छ । कोषले स्थापनाकाल वि.स. २०४५ देखि हालसम्म देशका ८८ वटा नगरपालिका तथा ११० वटा साना शहरहरूमा साना ठूला गरी करीब १४०० वटा आयोजनाहरूमा रू.१४ अर्व १९ करोड २५ लाख रकम बराबर ऋण तथा अनुदान परिचालन गर्दै नगरहरूको पूर्वाधार विकासमा सरकारको वित्तीय मध्यस्थकर्ता संस्थाकारूपमा आफ्नो अग्रणी भूमिका निर्वाह गर्दै आएको छ ।

कोषले आ.व. ०७८/७९ मा नगरहरूको भौतिक, सामाजिक र आर्थिक पूर्वाधार विकासका लागि आधुनिक सेवा सुविधा सहितका वसपार्क, व्यावसायिक भवन, स्थानीय उत्पादन केन्द्र, कृषि बजार, सभा हल, स्वच्छ खानेपानी आपूर्ति लगायतका आयोजनाहरूमा कूल रू. २ अर्व २५ करोड ऋण लगानी गर्ने गरी आयोजनाको स्वीकृती गरी पूर्वाधार विकासमा ऋण लगानी (Debt Financing) का अवधारणालाई प्रबर्द्धन गर्दै निरन्तररूपमा अगाडि बढाएको छ ।

आ.व. २०७८/७९ मा शहरी पूर्वाधार विकासका लागि विभिन्न कार्यक्रम मार्फत नेपाल सरकार, दातृ निकाय तथा कोषको आफ्नो पूँजी कोष समेतको परिचालन गरी जम्मा रू. ४ करोड ७७ लाख ७७ हजार अनुदान तथा रू. २ अर्व ८८ करोड ऋण गरी कुल रू. २ अर्व ९२ करोड ७७ लाख ७८ हजार लगानी गर्ने लक्ष्य राखिएकोमा आ.व. ०७८/७९ मा कोषबाट रू. ९६ करोड ६६ लाख ऋण र १ करोड ५७ लाख ४६ हजार अनुदान गरी जम्मा रू. ९८ करोड १७ लाख ६७ हजार लगानी भई लक्ष्यको ३४ प्रतिशत प्रगति हासिल भएको छ । कोषले निर्धारण गरेका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा नगरपालिकाको आयोजना तयारी, खरिद प्रक्रिया, निर्माण व्यवस्थापन, करार प्रशासन जस्ता विषयमा क्षमता अभावले गर्दा स्वीकृत आयोजनाको बोलपत्र सम्बन्धी प्रक्रियामा ढिलाई, पूर्वाधार विकासका संरचनाको निर्माणका लागि प्रस्तावित जग्गाहरूको स्वामित्व सम्बन्धी समस्या जस्ता विविध कारणले प्रत्यक्षरूपमा असर पर्न गयो ।

आ.व. २०७८/७९ मा कोषको व्यवसाय सञ्चालनवाट हुने नियमित आम्दानी र दातृ संस्थाहरूबाट प्राप्त हुने अनुदान समेतवाट कूल रू. ७४ करोड ३६ लाख ८९

हजार आम्दानी हुने अनुमान गरिएकोमा जम्मा रू. ७० करोड ६ लाख ३१ हजार आम्दानी हुन गई लक्ष्यको ९४ प्रतिशत प्रगति हासिल भएको छ ।

आ.व. २०७८/७९ मा कोषको व्याज खर्च, कर्मचारी खर्च, कार्यालय सञ्चालन खर्च, व्यवसाय प्रवर्द्धन, प्राविधिक सहयोग तथा परामर्श सेवा खर्च, संस्थागत विकास कार्यक्रम खर्च तथा गैर सञ्चालन खर्चतर्फ कूल रू.३८ करोड ७ लाख ९२ हजार हुने अनुमान गरिएकोमा कूल रू. २४ करोड ९ लाख ५९ हजार खर्च भई अनुमानको ६३ प्रतिशत खर्च हुन गएको छ । आ.व. ०७८/७९ मा कर वापत रू. ९ करोड ८६ लाख १८ हजार नेपाल सरकारलाई भुक्तानी गरी रू. ३६ करोड १० लाख ५४ हजार खुद वचत हुन गएको छ ।

नगरहरूको पूर्वाधार विकासमा ऋण लगानी र असुलीको जिम्मेवारी प्राप्त सरकारको एक मात्र वित्तीय मध्यस्थकर्ता कोषले आ.व. २०७८/७९ मा कोषले ऋण लगानी गरेका विभिन्न आयोजनाहरूबाट उठाउनु पर्ने साँवा तथा व्याज गरी रू. १ अर्व ५४ करोड ६ लाख असुल गर्नुपर्नेमा रू. ७८ करोड ३४ लाख २३ हजार असुल भएको छ । कोषका सेवाग्राहीहरू नगरपालिका तथा साना शहरहरूबाट ऋण फिर्तामा देखाईएको उदाशिनताले कोषको ऋण असुलीमा प्रत्यक्षरूपमा प्रभाव परेको छ । कोषको ऋण लगानीको असुली प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन ऋण असुली विनियमावली तयारीको चरणमा अन्तिम चरणमा रहेको छ ।

आ.व. ०७८/७९ मा कोषले नेपाल सरकारलाई भुक्तानी गर्नुपर्ने नियमित साँवा तथा व्याज रू. २० करोड ८२ लाख ३९ हजार रहेकोमा रू. १० करोड ५४ लाख ४४ हजार भुक्तानी गरिएको छ ।

आ.व. ०७७/७८ सम्ममा नेपाल सरकारको ईक्विटी, नगर विकास कोषको जगेडा/वचत कोष, चक्रिय कोष, कोषले लगानी गरेको उठ्न बाँकी ऋण समेत गरी कोषको कुल पूँजी रू. ६ अर्व १९ करोड १ लाख ७४ हजार भएकोमा व्यवस्थापनले तयार गरेको वित्तीय प्रतिवेदन अनुसार आ.व. ०७८/७९ मा रू. ४६ करोड १३ लाख ६१ हजार थप भई कोषको कूल पूँजी रू. रू. ६ अर्व ६५ करोड १५ लाख ३४ हजार पुगेको छ ।

कोषको वार्षिक नीति, कार्यक्रम तथा बजेटले निर्धारण गरेका लक्ष्यहरूको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन व्यवस्थाका लागि यसै आ.व. देखि सूचना प्रविधिमा आधारित Real Time Monitoring System सफ्टवेयरको विकास गरी कोषको कार्यलाई डिजिटल प्रणाली (Automation System) मा रूपान्तरण गर्ने कार्यलाई निरन्तरता दिईएको छ भने कोषलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको ISO Certificate प्राप्त गर्नका लागि नेपालको गुणस्तर तथा नापतौल विभागमा दर्ता भई आवश्यक प्रक्रिया अगाडि बढेको छ ।

कोषले आ.व. ०७८/७९ मा कोषका सेवाग्राहीहरूको लागि खरिद व्यवस्थापन, आयोजनाको बीमा सम्बन्धी अभिमुखीकरण, विलिङ तथा एकाउन्टिङ सफ्टवेयर जस्ता तालिम कार्यक्रमहरू संचालन गरी क्षमता अभिबृद्धिका कार्यक्रम समेत सम्पन्न गरेको छ ।

आ.व. ०७८/९८ मा कोषले यु.एन.सि.डि.एफ., एफ.सी.डि.ओ., जि.जि.जि.आई जस्ता अन्तर्राष्ट्रिय संघ संस्थाहरूको प्राविधिक सहयोगलाई कोषको संस्थागत विकास तथा आयोजनाको विकास तथा तयारीका लागि परिचालन गर्न सफल भयो । हरित जलवायु कोष Green Climate Fund (GCF) को स्रोत परिचालन गर्नेगरी काठमाण्डौ उपत्यकामा सार्वजनिक यातायात प्रणालीको रूपान्तरणकारी आयोजना विद्युतिय वस Electrical Bus Rapid Transit (eBRT) को अवधारणा पत्र कोषबाट तयार गरी अर्थमन्त्रालय मार्फत हरित जलवायु कोषमा पेश गरिएको छ ।

नेपाल सरकारको आ.व. ०७८/७९ को बजेट तथा कार्यक्रममा कोषलाई पुनर्सरचना गरी पूँजी वृद्धि संगै नगर क्षेत्रका भौतिक पूर्वाधार विकासको लागि प्राविधिक सहायता र अनुदान मिश्रित वित्त परिचालन गर्ने संस्थाका रूपमा विकास गरिने लक्ष्य रहेसँगै आ.व. ०७८/७९ मा कोषको कार्यक्षेत्र विस्तृतीकरण एव्म पूँजी पुर्नसंरचना गर्ने गरी गरिएको पुर्नसंरचना सम्बन्धी प्रकृया तार्किक निस्कर्षमा पुग्न सकेको छैन । व्यवस्थित शहरीकरण मार्फत दिगो आर्थिक सामाजिक सम्बृद्धिका लागि संघीय संरचना अनुसारका प्रदेश सरकार तथा स्थानीय तहमा शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने वित्तीय स्रोतको व्यवस्थापनका लागि वैकल्पिक उपकरणहरू परिचालन गर्नुपर्ने वर्तमान अवस्थामा कोषको पुर्नसंरचना गरी सवल वित्तीय संस्था बनाउन आवश्यक छ ।


# नगर विकास कोष

## आ.व. २०७८/७९ को लगानी, असुली तथा भुक्तानीको अवस्था


### आ.व. २०७८/७९ मा विभिन्न कार्यक्रम अन्तर्गत स्वीकृत अनुदान तथा ऋण (कूल रू. २ अर्व ९२ करोड ७७ लाख)





### आ.व. २०७८/७९ मा कोषका विभिन्न कार्यक्रम अन्तर्गत गरिएको लगानी (कुल रू. ९८ करोड १७ लाख)




### आ.व. २०७८/७९ आषाढ मसान्तको साँवा तथा ब्याज असुली




### आ.व. २०७८/७९ आषाढ मसान्तको नेपाल सरकारलाई गरेको भुक्तानी



# १. कोषको परिचय

## १.१ पृष्ठभूमि

नेपालमा नगरहरूको निर्माण, विकास तथा बिस्तार एवम् नगरहरूमा आधारभुत सामाजिक सेवा र आयमुलक आयोजना सञ्चालन गर्न गराउन तथा त्यस्तो सेवा तथा आयोजना सञ्चालन गर्ने नगर विकाससँग सम्बन्धित निकायहरूलाई आर्थिक र प्राविधिक सहयोग प्रदान गरी व्यवस्थित ढङ्गले नगरको निर्माण गर्ने गराउने अभिप्रायले वि.सं. २०४५ फाल्गुण २ गते नेपाल सरकारको करीब रू. १ करोड २९ लाखको ईक्वीटी पूँजीबाट नगर विकास कोष समितिको रूपमा स्थापना भएको हो । तत्पश्चात वि.सं. २०५३ सालमा नगर विकास कोष ऐनद्वारा स्वायत्त संस्थाको रूपमा क्रियाशिल रहेको कोषले विगत ३४ वर्ष देखि नगरहरूमा शहरी सुविधाहरूको पर्याप्त उपलब्धता तथा शहरी जीवनस्तरमा सुधार ल्याउन नगरहरूको सामाजिक तथा आर्थिक पूर्वाधारहरूको निर्माण, विकास तथा विस्तारमा स्थानीय तह, साना शहर एवम् शहरी विकाससँग सम्बन्धित निकायहरूसंग सहकार्य गर्दै वित्तीय तथा प्राविधिक सहयोग प्रदान गर्दै आएको छ । कोष नेपाल सरकारको कार्य विभाजन नियमावाली अनुसार हाल शहरी विकास मन्त्रालय अन्तर्गत रही राष्ट्रिय शहरी नीति र राष्ट्रिय शहरी विकास रणनीतिको कार्यान्वयनमा समेत आफ्नो भूमिका निर्वाह गर्दै आएको छ ।

मुलुकमा आधुनिक पूर्वाधारयुक्त, योजनावद्ध, वातावरणमैत्री, व्यवस्थित, आर्थिकरूपमा गतिशील सुन्दर शहर निर्माण तथा विकासका लागि नगर विकाससँग सम्बन्धित निकायहरूसँग सहकार्य गर्दै शहरी पूर्वाधार निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने एक स्वायत्त एवं दीगो वित्तीय मध्यस्थकर्ता संस्थाका रूपमा स्थापित हुने कोषको दुरदृष्टि रहेको छ ।

कोषले आफ्नो स्थापनाकाल देखि नेपाल सरकार तथा विभिन्न अर्न्तराष्ट्रिय विकास साझेदारहरु (विश्व बैंक, जि.टी.जेड, जर्मन विकास बैंक (के.एफ.डब्ल्यू.), एसियाली विकास बैंक, युरोपियन युनियन, यु.एन.सि.डि.एफ.) को वित्तीय तथा प्राविधिक सहयोग र कोषको इक्विटी परिचालन गरी हालसम्म देशका ८८ वटा नगरपालिका तथा ११० वटा साना शहरहरूमा साना ठूला गरी करीब १४०० वटा साना सहरहरूमा आयमुलक तथा सामाजिक पूर्वाधारहरूका वसपार्क, व्यावसायिक भवन, नगरपालिका भवन, स्कुल भवन, मनोरन्जन पार्क, फोहरमैला व्यवस्थापन, सतह ढल, खानेपानी र सडक लगायतका आयोजनाहरूमा रू. १४ अर्व १९ करोड २५ लाख रकम बराबर ऋण तथा अनुदान परिचालन गर्दै नगरहरूको पूर्वाधार विकासमा सरकारको वित्तीय मध्यस्थकर्ता संस्थाकारूपमा प्रमुख कार्य गर्दै आएको छ । आ.व. २०७८/७९ को अन्त्यसम्म साँवा तथा व्याज गरी जम्मा रू. ७ अर्व २० करोड ६६ लाख १७ हजार असुल हुनुपर्नेमा आ.व. २०७८/७९ को अन्त्य सम्ममा साँवा र ब्याज गरी रू. ६ अर्व २९ करोड ९२ लाख ९३ हजार असुल भएको छ ।

आ.व. ०७८/७९ सम्ममा नेपाल सरकारको ईक्विटी, नगर विकास कोषको जगेडा/वचत कोष, चक्रिय कोष, कोषले लगानी गरेको उठ्न बाँकी ऋण समेत गरी व्यवस्थापनले तयार गरेको वित्तीय प्रतिवेदन अनुसार कोषको वास्तविक पूँजी रू. ६ अर्व ६५ करोड १५ लाख ३५ हजार पुगेको छ ।

आधुनिक पूर्वाधारयुक्त योजनावद्ध, वातावरणमैत्री, विपद् प्रतिरोधी, व्यवस्थित, समावेशी, आर्थिकरूपमा गतिशील र सुन्दर शहरहरू नै सुरक्षित र सम्बृद्ध मानव वस्तीका पहिचान हुन । हाल विश्व व्यापीरूपमा तिब्ररूपमा बढ्दै गएको शहरीकरणलाई व्यवस्थित सहित शहरी जीवनस्रतमा सुधार ल्याउन विद्यमान शहरहरू लगायत भविष्यमा निर्माण हुने शहरहरूमा शहरी सेवा

सुविधाहरूको पर्याप्त उपलब्धता हुन नितान्त आवश्यक छ । जसका लागि शहरहरूमा भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधारहरूको निर्माण, विकास तथा विस्तारमा ठूलो लगानीको आवश्यकता रहेको छ ।

व्यवस्थित शहरीकरण मार्फत दिगो आर्थिक सामाजिक सम्बृद्धिका लागि संघीय संरचना अनुसारका प्रदेश सरकार तथा स्थानीय तहमा शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने वित्तीय स्रोतको व्यवस्थापनका लागि वैकल्पिक उपकरणहरू परिचालन गर्नुपर्ने वर्तमान अवस्थामा कोषलाई सार्वजनिक ऋण परिचालन गर्नसक्ने सवल वित्तीय संस्था बनाउन आवश्यक छ । नेपाल सरकारको आ.व. ०७९/८० को बजेट तथा कार्यक्रमले समेत "नगर विकास कोषलाई पूर्वाधार विकासमा वैकल्पिक पूँजी परिचालन गर्ने सक्षम संस्थाको रूपमा विकास गरिने" लक्ष्य निर्धारण गरेको छ । सोही वमोजिम कोषलाई एक व्यावसायिक तथा सुदृढ संस्थाका रूपमा स्थापित गर्नका लागि कोषको कार्यक्षेत्र विस्तीकरण र पूँजी पुनःसंरचनाको रणनैतिक कार्य पत्र समितिबाट स्वीकृत भई नेपाल सरकारको स्वीकृतिको लागि आवश्यक प्रक्रिया अगाडि बढको छ ।

## १.२ कोषको दूरदृष्टि (Vision)

शहरी पूर्वाधार विकासमा दिगो नेतृत्वदायी वित्तीय मध्यस्थकर्ताको रूपमा स्थापित हुने ।

## १.३ कोषको ध्येय (Mission)

राष्ट्रिय विकासको लक्ष्य अनुरूप शहरी पूर्वाधार एवम् शहरी सेवा सुविधामा जनताको पहुँच स्थापित गरी आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार गर्न योगदान पुऱ्याउने ।

## १.४ कोषको मूल मान्यता (Core Value)

- शहरी पूर्वाधारका आयोजनाहरूको निर्माणमा ऋण लगानीलाई प्रबर्द्धन गर्दै शहरी सेवा सुविधाहरूको विस्तार गरी जनताको आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार ।
- दिगो शहरी पूर्वाधारमा लगानीलाई विस्तार गर्दै देशको आर्थिक–सामाजिक क्षेत्रको विकास ।
- वित्तीय एवम् गैर वित्तीय नवीन उपकरणको प्रबर्द्धनबाट शहरी पूर्वाधार विकास ।

## १.५ कोषको उद्देश्यहरू

अल्पकालिन तथा दीर्धकालिन रणनीतिहरू बनाई कार्य गर्नका लागि नगर विकास कोष ऐन, २०५३ को परिच्छेद २ (५) बमोजिम नगर विकास कोषको देहाय बमोजिम उद्देश्यहरू रहेका छन्ः

(क) नगर विकाससंग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(ख) नगरलाइ स्वच्छ तथा सफा राख्न आवश्यक काम गर्ने, गराउने ।

(ग) विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना संचालन गर्ने, गराउने ।

(घ) नगर विकास र यसको लागि गरिनुपर्ने सभाव्य सुधारहरूका सम्वन्धमा देखा परेका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउन आवश्यकता अनुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

## १.६ कोषको मुख्य मुख्य काम कर्तब्य र अधिकार

(क) कोषको सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने ।

(ख) कोषको वार्षिक तथा आवधिक कार्यक्रम र बजेट स्वीकृत गर्ने र सो को निमित्त आवश्यक रकमको व्यवस्था गर्ने, गराउने ।

(ग) नगरको निर्माण, विकास तथा विस्तार तथा नगरमा आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सञ्चालन गर्ने, नगर विकाससंग सम्बन्धित निकायहरूलाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(घ) नगरको निर्माण, विकास, विस्तार र विविधिकरणको लागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक आधारहरु तयार पारी नगर विकाससंग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने तथा त्यस्ता कार्यक्रममा

नगर विकाससंग सम्बन्धित निकायहरूको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने ।

(ङ) नगर विकाससंग सम्बन्धित निकायमा कार्यरत कर्मचारीहरूलाई दिइने तालिम तथा प्रशिक्षणको लागि आवश्यक सहयोग पुऱ्याउने ।

(च) नगर विकाससंग सम्बन्धित निकायहरूलाई नगर विकास सम्बन्धी विषयहरूमा आवश्यक परामर्श सेवा प्रदान गर्ने ।

(छ) कोषसंग ऋण लिई सञ्चालन भएका आयोजना तथा कार्यक्रमहरूको अनुगमन तथा सुपरिवक्षण गर्ने, गराउने ।

(ज) नेपाल सरकारले कुनै विदेशी सरकार वा संस्था वा अन्तर्राष्ट्रिय संस्थासंग कोषका सम्बन्धमा गरेको सम्झौता बमोजिम कार्य गर्ने, गराउने ।

(झ) कोषको हित विपरीत नहुने गरी कोषको रकम प्रचलित कानुन बमोजिम स्थापित अन्य कुनै सस्थाको शेयर, डिवेन्चर वा अन्य कुनै किसिमको ऋणपत्र खरिद गर्ने कार्यमा लगानी गर्ने ।

## १.७ कोषको रणनीतिहरू

(क) कोषको पुनर्संरचना गरी पूर्वाधार विकासमा वैकल्पिक पूँजी परिचालन गर्ने सक्षम संस्थाकोरूपमा विकास गर्ने ।

(ख) कोषको लगानीका क्षेत्रलाई व्यापक तथा प्रभावकारी बनाउन राष्ट्रिय शहरी नीति तथा शहरी पूर्वाधार विकास रणनीतिका आधारमा सम्बन्धित निकायहरूसंग अन्तर समन्वय गरी कार्य गर्ने ।

(ग) नेपाल सरकारको पूर्वाधार विकाससँग सम्बन्धित विभिन्न निकायहरूँग सहकार्य गरी पूर्वाधार सम्बन्धी ठुला आयोजनाहरूको विकास तथा वित्तीय स्रोत परिचालन गर्ने ।

(घ) कोषको कार्यक्षेत्रसंग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसंगको भगिनी (सदस्यता नविकरण तथा नयाँ सदस्यता) संबन्धीत तथा संस्थागत सञ्जाल निर्माण तथा प्राविधिक सहयोग परिचालन गर्ने ।

(ङ) विभिन्न सम्भावित बहुपक्षीय, द्विपक्षीय, अन्तराष्ट्रिय दातृ निकायहरू तथा अन्य संघ सस्थाहरू मार्फत वित्तीय स्रोत व्यवस्थापन गर्न जोड दिइने ।

(च) खानेपानी सरसफाई तथा ढल व्यवस्थापन विभाग, शहरी विकास तथा भवन निर्माण विभाग तथा अन्य शहरी विकास संग संबन्धित संघ संस्था संग सहलगानी तथा सहकार्यमा लगानी गर्ने ।

(छ) राष्ट्रिय वित्तीय संस्थाहरूसँग सहकार्य गरी Consortium Financing को शुरूवात गर्ने ।

(ज) बैकल्पिक वित्तीय स्रोत परिचालन गर्न सार्वजानिक नीजि साझेदारी (एएए) र मिश्रित लगानी (Blending Finance) को अवधारणा अनुसार शहरी पूर्वाधारका क्षेत्रमा लगानी गर्नका लागि कोषको ईक्वीटी परिचालन गर्ने ।

(झ) कोषको लगानी दायरा बढाउनका लागि नगरपालिकाको अनुरोध तथा आवश्यकताको आधारमा नयाँ आयोजनाहरूको अध्ययन शुरूवात गरी आयोजना बैंक तयार गर्ने ।

(ञ) कोषको आयोजना बैंकमा भएका आयोजनाहरूमा आयोजना निर्माण हुने स्थलको जग्गाको स्वामित्व नहुँदा कोषद्वारा गरिने लगानीमा पर्न गएको समस्यालाई सम्बोधन गर्न लगानी विनियमावलीमा व्यवस्था गर्ने ।

(ट) शहरी पूर्वाधार क्षेत्रमा गरिदै आएको ऋण लगानीको ब्याजदर पुनरावलोकन गरी लगानी विस्तार गर्ने ।

(ठ) कोषको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने नियम, विनियम, निर्देशिका, दिग्दर्शन, कार्यविधि आदिहरूको तयारी, अद्यावधिक तथा कार्यान्वयनमा ल्याउने ।

(ड) कोषको कार्यक्षेत्र प्रदेशस्तरमा विस्तार गर्ने ।

(ढ) कोषको Standard Operating Procedures

(SOP) लाई अद्यावधिक गरी समय सापक्ष बनाई कार्यान्वयनमा ल्याउने ।

(ण) कोषको कार्यलाई क्रमशः डिजिटल प्रणाली (Automation System) मा लगिने ।

(त) कोषलाई व्यावसायिकरूपमा प्रभावकारी बनाउन यस क्षेत्रसँग सम्बन्धित सङ्घ/संस्थाहरूसँग सहकार्य गरी अनुसन्धान तथा विकासका (Reasearch and Development) का कार्यहरू अगाडि बढाउने ।

(थ) कोषवाट लगानी गर्न सकिने संभावित आयोजनाको अध्ययन, कार्यान्वयन, संचालन तथा व्यवस्थापन र ऋण असुलीको अवस्थाको सुदृढीकरणका लागि नगरपालिका तथा खानेपानी संस्थाहरूको क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालनमा ल्याईने ।

(द) कोषले लगानी गरेका आयोजनाहरूको प्रभाव मुल्याङ्कन गर्ने ।

(ध) पूर्वाधार विकासमा वैकल्पिक पुँजी स्रोतका लागि ईन्फ्रास्टक्चर डेभलपमेण्ट बोण्डका लागि आवश्यक कार्ययोजना सहित अगाडी बढ्ने ।

(न) विभिन्न शैक्षिक संस्था तथा कोषको कार्यक्षेत्रसंग मिल्दो पेशागत संस्थाहरूको समन्वयमा कोषमा शहरी पूर्वाधार सम्बन्धी आईडिया बैंक (Idea Bank) तयार गरिने ।

(प) कोषलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसारको वित्तीय मध्यस्थकर्ता संस्था Center of Excellence का रुपमा विकास गर्ने ।

## १.८ कोषको लगानीका क्षेत्रहरू

कोषको ऋण तथा अनुदान नीति, वित्तिय लगानी नीति, नियमावली तथा कार्य सञ्चालन निर्देशिकाको प्रावधान अनुसार पूर्वाधार क्षेत्रमा कोषले लगानी गर्दै आएको छ । कोषले लगानीलाई प्रभावकारी र सन्तुलित बनाउन पूर्वाधारका क्षेत्रलाई सामाजिक पूर्वाधार (Social/Utility infrastructure) र आर्थिक पूर्वाधार (Economic Infrastructure/Revenue Generating Projects) का क्षेत्रमा वर्गिकरण गरी सोही वमोजिमका आयोजनाहरूमा लगानी गरिरहेको छ । सामाजिक पूर्वाधार आयोजना अन्तर्गत जग्गा एकीकरण आयोजना, एकीकृत वस्ती विकास, शहरी पुनःउद्धार आयोजना, सांस्कृतिक तथा पुरातात्विक सम्पदास्थल संरक्षण, हाउस पुलिङ्ग, फोहरमैला व्यवस्थापन, सतह ढल, खानेपानी तथा सरसफाई, सडक बत्ती, पार्क, सार्वजनिक हरित क्षेत्र, शहरी हरित प्रबर्द्धन लगायता आयोजना पर्दछन् भने आर्थिक पूर्वाधार अन्तर्गत बहुउद्देश्सीय भवन, सपिङ कम्प्लेक्स, प्रदर्शनी केन्द्र, बजार व्यवस्थापन आयोजना, सभागृह, बसपार्क, बहुतल्ले व्यापारिक पार्किङ्ग विद्युतीय यातायात सेवा,स्थानीय उत्पादन बिक्रि केन्द्र, कृषि बजार, रोड साईड रिफ्रेशमेन्ट सेन्टर, मनोरन्जन पार्क लगायतका आयोजनाहरू पर्दछन् ।

## १.९ कोषको सेवाग्राहीहरू

(क) स्थानीय तहहरु (महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिका)

(ख) नगर विकास समितिहरु
खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

(ग) खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

(घ) नगरउन्मुख गाउँपालिकाहरु तथा अन्य शहरी विकासमा संलग्न निकायहरु (प्राधिकरण, बोर्ड र स्थानीय संस्था) ।

(ङ) प्रचलित कानुन वमोजिम स्थापना भएका

सरकारी वा गैह्र सरकारी संस्था

## १.१० कोषको ऋण लगानीका विधिहरू

नगर विकास कोषले शहरी पूर्वाधार विकासमा १) लगानी गर्दा वित्तीय स्रोतसहित र २) वित्तीय स्रोतविनाको लगानीका निम्न विधी अनुसार स्रोत परिचालन गर्दछ ।

| | |
|---|---|
| वित्तीय स्रोत सहित लगानी विधि | • आयोजना निर्माणका लागि दीर्घकालीनरूपमा (२५ वर्ष सम्म सहुलियत अवधि सहित) ऋण उपलब्ध गराउने । |
| | • आयोजनाको प्रकृतिअनुसार विभिन्न व्याज दरमा निर्माणका लागि ऋण उपलब्ध गराउने । |
| | • आयोजनाबाट प्राप्त हुने प्रतिफल (नाफा वा घाटा) प्राप्त गर्ने गरी कुल लागतको अनुपातमा लगानी गर्ने । |
| | • आयोजना निर्माणका लागि ऋण पत्र जारी गरी आम सर्वसाधारणवाट स्वदेशी पुँजी सङ्कलन गरी आयोजनामा लगानी गर्ने । |
| | • आयोजना सञ्चालन वा निर्माणका लागि सेवा प्रदायक संस्था वा कम्प( नीलाई ऋण प्रवाह गर्ने । |
| वित्तीय स्रोत विना लगानी विधि | • आयोजना निर्माणमा लाग्ने लागतको सुनिश्चितताका लागि कोष जमानी (Gurauntee) रही आवश्यक रकमको प्रबन्ध मिलाउने । |
| | • सार्वजनिक, नीजि क्षेत्रहरूलाई सहभागी गराई आयोजना संचालन गर्ने गराउने । |
| | • वातावरण संरक्षणका आयोजनाहरूमा वित्तीय सहायता परिचालन गरी आयोजना निर्माणको ब्यवस्थापन गर्ने |
| | • आयोजनामा जडान भएका वा निर्मित हुने संरचनामा ऊर्जा दक्षतासम्बन्धी कार्यक्रम संचालन गरिने । |
| | • स्थानीय तहहरूलाई जग्गा मूल्यांकनका आधार र कर गणना विधि उपलब्ध गराइने । |

## १.११ ऋण आवेदन प्रक्रियाका लागि आवश्यक कागजातहरू (Documents for Application):

- प्रस्तावित आयोजनामा सम्बन्धित निकायको आधिकारिक निकायबाट ऋण मागको निर्णयको प्रतिलिपि ।
- आयोजनाको विस्तृत अध्ययन प्रतिवेदनको प्रतिलिपि ।
- आयोजना निर्माण स्थलको जग्गाको स्वामित्व भोगाधिकार, लिज प्रमाणको प्रतिलिपि ।
- स्थानीय तह जमानीमा बस्ने आधिकारिक निकायको निर्णय ।

# २. आ.व. ०७८/७९ मा कोषद्वारा संचालित कार्यक्रमहरूको प्रगति समीक्षा

## २.१ नगर विकास कार्यक्रम (Town Development Program)

कोषले नेपाल सरकारको अनुदान र कोषको ईक्वीटीवाट ऋण परिचालन गर्नेगरी मिश्रित ऋण लगानी अवधारणामा आधारित यस कार्यक्रम अन्तर्गत जग्गा विकास आयोजना, हाउस पुलिङ्ग, सामाजिक पूर्वाधार तथा फोहरमैला व्यवस्थापनका ठूला आयोजनाहरूमा मिश्रित लगानी गर्ने लक्ष्य रहेको छ । आ.व. ०७८/७९ मा यस कार्यक्रम अन्तर्गत सामाजिक पूर्वाधारका आयोजनाहरूमा नेपाल सरकारको रू. ४ करोड ४७ लाख अनुदान प्रवाह गरिने लक्ष्य राखिएकोमा आयोजनाको अध्ययन तथा सुपरिवेक्षणका लागि रू. १ करोड ५१ लाख ४७ हजार अनुदान प्रवाह गरिएको छ । यस कार्यक्रम अन्तर्गत छिन्चु वसपार्क, वेलका वसपार्क, सैनामैना जग्गा विकास आयोजना, वुटवल बहुउद्देश्शीय भवन, पाल्पा वसपार्क, दमक सपिङ्ग कम्प्लेक्स, गुरू गोरखनाथ पार्क आयोजनाहरूको अध्ययन सम्पन्न गरिएको छ ।

यस कार्यक्रममा विशेष गरी नगरपालिकाको वित्तीय अवस्था सुदृढ गराउन तथा स्थानीय आर्थिक विकासलाई सहयोग पुऱ्याउने आयोजनाहरूमा दीर्घकालीन ऋण परिचालन गर्ने रणनीति रहेको छ । कोषबाट गरिने ऋण लगानीबाट निर्मित आयोजनाहरूलाई दिगो र प्रतिफलमुखी बनाउनका लागि आयोजनाको छनौट, आयोजना लेखाजोखा, आयोजना अनुगमन तथा सुपरीवेक्षणको प्रभावकारीता लगायतका व्यवस्था सहित कार्य सञ्चालन निर्देशिकाको ब्यवस्था गरिएको छ ।

यस कार्यक्रम अन्तर्गत विभिन्न नगरपालिकाहरूको आर्थिक पूर्वाधारका आयोजनाहरूका लागि हालसम्म रू.४ अर्व ६१ करोड बराबरका आयोजनाहरू स्वीकृत गरी आ.व. ०७८/७९ को अन्तसम्ममा रू. ७२ करोड ३३ लाख ऋण लगानी गरिसकिएको छ ।

## २.२ शहरी पूर्वाधार विकास आयोजना (Urban Infrastructure Develoment Project)

नगरपालिकाहरूमा आर्थिक पूर्वाधारका विकास एवम् नगरपालिकाको निमित्त दिगो आम्दानीको स्रोत बन्न सक्ने आयोजनाका लागि आयोजनाको कुल लागतमा नगरपालिकाको समेत सहलगानी हुनेगरी शहरी पूर्वाधार विकास कार्यक्रम आ.व. ०७५।७६ देखि नेपाल सरकारको ऋण सहयोगमा सञ्चालन भैरहेको छ ।

आ.व. २०७८/७९ मा नेपाल सरकारबाट ऋण प्राप्त गर्ने गरी रू. १ अर्व १७ करोड ४० लाख लगानी गर्ने लक्ष्य राखिएकोमा रू. ३१ करोड ६३ लाख लगानी भई लक्ष्यको २७ प्रतिशत प्रगति भएको छ । यस आ.व. मा शहरी पूर्वाधारका थप १० आयमूलक आयोजनाका लागि रू. १ अर्व ५५ करोड ऋण स्वीकृत गरिएको छ । यी आयोजनाहरूले नगरपालिकाको आय आर्जन तथा आर्थिक क्रियाकलापलाई गतिशिल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन् । यस कार्यक्रम अन्तर्गत हालसम्म स्वीकृत भएका २८ वटा आयोजनाहरू मध्ये ३ वटा आयोजनाहरू सम्पन्न भइ २५ वटा आयोजनाहरू निर्माणको चरणमा रहेका छन् भने करीव रू. १० अर्व बराबरका आयोजनाहरू मूल्याङ्कनका चरणमा रहेका छन् ।

तालिका नं. १ : आ.व. ०७८/७९ मा यस आयोजना अन्तर्गत स्वीकृत आयोजनाहरू :

| सि.नं. | आयोजनाको नाम | नगरपालिकाको नाम | कूल अनुमानित लागत | कोषको स्वीकृत ऋण |
|---|---|---|---|---|
| १ | बुधवारे कृषि बजार | बुधवारे, सुन्दरहरैचा | १४२,६८८,००० | ११४,१५०,४०० |
| २ | दमक सपिङ्ग कम्प्लेक्स | दमक, झापा | ६११,४३४,००० | ४२८,००३,८०० |
| ३ | दशरथचन्द बहुउद्देश्यीय भवन | दशरथचन्द, बैतडी | ४६,६२०,००० | ३०,३०३,००० |
| ४ | मेचीनगर कृषिमण्डि | मेचीनगर, झापा | १२८,६९८,००० | ९६,५२३,५०० |
| ५ | पाल्पा वसपार्क | पाल्पा, तानसेन | २४९,०१७,००० | १७४,३११,९०० |
| ६ | पथरी शनिश्चरे सपिङ्ग कम्प्लेक्स भवन | पथरी शनिश्चरे, मोरङ्ग | २८७,८६१,००० | २०१,५०२,७०० |
| ७ | छिन्चु वसपार्क | भेरीगंगा, सुर्खेत | १८५,८२०,००० | १३०,०७४,००० |
| ८ | ईनरूवा सपिङ्ग कम्प्लेक्स | ईनरूवा, सुनसरी | २४३,१५८,००० | १९४,५२६,४०० |
| ९ | कोल्हवी हाट बजार | कोल्हवी, बारा | १७२,८७३,००० | १२९,६५४,७५० |
| १० | गुजरा बहुउद्देश्यीय भवन | गुजरा, रौतहट | ८८,३३१,००० | ५२,९९८,६०० |
| | **जम्मा** | | **२,१५६,५००,०००** | **१,५५२,०४९,०५०** |



*(शहरी पूर्वाधार विकास आयोजना अन्तर्गत लालबन्दी नगरपालिकामा निर्माण सम्पन्न व्यावसायिक भवन)*

तालिका नं. २. आ.व. ०७८/७९ मा यस आयोजना अन्तर्गत चालु आयोजनाहरू :

| सि.न. | आयोजनाको नाम | नगरपालिका | आयोजना लागत/ठेक्का कबोल रकम | कोषको स्वीकृत ऋण | आ.व. ०७८/७९ मा कोषको लगानी | आ.व. ०७८/७९ सम्ममा कोषको लगानी |
|---|---|---|---|---|---|---|
| १ | हरिवन सपिङ्ग कम्प्लेक्स | हरिवन, सर्लाही | १२८,०००,००० | १२६,८७१,७१८ | २१,८३५,६१५ | ११९,८१९,४९५ |
| २ | लुम्बिनी वस टर्मिलनल परिसरमा व्यावसायिक भवन विस्तार | वुटवल | ७९,६४३,४५१ | ७१,६७९,१०६ | १२,६१३,४९७ | ५५,२१०,७२१ |
| ३ | इलाम फन पार्क तथा चिल्ड्रेन पार्क | ईलाम | ४४,४७३,३७६ | ३२,०१९,३८४ | २१,०७९,३८५ | ३०,२००,५८२ |
| ४ | लालबन्दी व्यावसायिक भवन | लालबन्दी, सर्लाही | ७२,४८४,६६५ | ५७,९८७,७३२ | ६,६१६,८६५ | ४९,८०१,९०२ |
| ५ | बागमती पार्क सहित रिसोर्ट | वाग्मती, सर्लाही | १६८,९२०,७९० | ८४,४६०,३९५ | | ३९,४४५,३७८ |
| ६ | कमलामाई व्यापारिक भवन तथा सिटि हल | कमलामाई, सिन्धुली | ११०,२०८,१८५ | ७७,१४५,७३० | २३,२८६,५९७ | ३०,०७६,५९७ |
| ७ | वेलवारी सपिङ्ग कम्प्लेक्स तथा स्थानीय उत्पादन बजार | वेलवारी, मोरङ्ग | ११९,९८५,८६४ | ८३,९९०,१०५ | २७,१७४,४९२ | ३४,४५४,४९२ |
| ८ | जिरी व्यापारिक भवन तथा स्थानीय उत्पादन केन्द्र | जिरी, दोलखा | ६६,६५३,०७५ | ४८,३४८,३१६ | ३२,०८७,७५८ | ४७,१८१,१९२ |
| ९ | लहान व्यावसायिक भवन | लहान, सिराहा | ९५,४९१,९२२ | ७६,३९३,५३८ | - | ६,६००,००० |
| १० | बिरेन्द्र सभा गृह, विराटनगर | विराटनगर, मोरङ्ग | २३०,०३८,७०९ | ९२,०१५,४८४ | १७,६६७,९१२ | २५,८१०,८७४ |
| ११ | हेटौडा बसपार्क / टर्मिनल कम्पेक्स | हेटैडा, मकवानपुर | ३४४,९९७,००० | २०६,९९८,२०० | ४८,६६८,३३८ | ८४,६६८,३३८ |
| १२ | कोहलपुर वसपार्क | कोहलपुर, बाँके | २७८,४६६,६९५ | १६७,०८०,०१७ | ४९,१२४,८२३ | ९३,९३४,१४३ |
| १३ | देको मेवा इतापके जग्गा विकास आयोजना | भक्तपुर | २७३,६६२,००० | २००,०००,००० | - | ५०,०००,००० |
| १४ | तुलसीपुर व्यावसायिक भवन | तुलसीपुर, दाङ्ग | १४४,२७०,६२३ | १००,९८९,४३६ | १०,०८०,००० | १०,०८०,००० |
| १५ | दशरथचन्द बहुउद्देश्यीय भवन | दशरथचन्द, बैतडी | ३७,४०३,६६८ | २४,३१२,३८४ | ७,५२६,७५१ | ७,५२६,७५१ |
| १६ | गुजरा बहुउद्देश्यीय भवन | गुजरा, रौतहट | ७९,४८९,६५१ | ४७,६९३,७९० | १९,९५०,२४३ | १९,९५०,२४३ |
| १७ | सातदोबाटो सपिङ्ग कम्प्लेक्स | भिमेश्वर, दोलखा | १२१,०७७,८८६ | ९०,८०८,४१४ | १८,५७७,२८७ | १८,५७७,२८७ |
| १८ | ब्यास सपिङ्ग कम्प्लेक्स | ब्यास, तनहुँ | २८८,५४४,००० | २०१,९८०,८०० | नगरपालिकाबाट खरिद प्रक्रियामा | |
| १९ | जलेश्वर बसपार्क | जलेश्वर, महोत्तरी | १५२,०९६,००० | ११४,०७२,००० | | |
| २० | कोल्हवी हाट बजार | कोल्हवी, बारा | १५७,६०८,०१८ | ११८,२०६,०१४ | | |
| २१ | बुधवारे कृषि बजार | बुधवारे, सुन्दरहरैचा | १४२,६८८,००० | ११४,१५०,४०० | | |
| २२ | पथरी शनिश्चरे सपिङ्ग कम्प्लेक्स भवन | पथरी शनिश्चरे,मोरङ्ग | २८७,८६१,००० | २०१,५०२,७०० | | |
| २३ | मेचीनगर कृषिमण्डि | मेचीनगर, झापा | १२८,६९८,००० | ९६,५२३,५०० | | |
| २४ | छिन्चु वसपार्क | भेरीगंगा, सुर्खेत | १०९,५२०,१२९ | ७६,६६४,०९० | | |
| २५ | ईनरूवा सपिङ्ग कम्प्लेक्स | ईनरूवा, सुनसरी | २४३,१५८,००० | १९४,५२६,४०० | | |
| २६ | पाल्पा वसपार्क | पाल्पा, तानसेन | २४९,०१७,००० | १७४,३११,९०० | | |
| २७ | दमक सपिङ्ग कम्प्लेक्स | दमक, झापा | ६११,४३४,००० | ४२८,००३,८०० | | |
| | जम्मा | | ४,७६५,८९१,७०७ | ३,३०८,७३५,३५३ | ३१६,२८९,५६३ | ७२३,३३७,९९५ |



(शहरी पूर्वाधार विकास आयोजना अन्तर्गत कोहलपुर नगरपालिकामा निर्माणाधिन क्षेत्रीय वसपार्क)

## २.३ शहरी खानेपानी तथा सरसफाई (क्षेत्र) आयोजना (Urban Water Supply and Sanitation Sector Project –UWS-SSP)

एशियाली विकास बैंकको सहयोगमा नेपालका विभिन्न २० वटा शहरहरूमा सुरक्षित खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन नगर विकास कोषवाट २५ प्रतिशत सम्म ऋण, उपभोक्तावाट ५ प्रतिशत र नेपाल सरकारवाट ७० प्रतिशत अनुदान लगानी हुने गरी लागत असुली अवधारणामा संचालन भैरहेको छ । यस आयोजनाको कूल लगानी १७ करोड ८५ लाख अमेरिकी डलर मध्ये छनौट भएका २० वटा आयोजनाका लागि कोष मार्फत १ करोड ९० लाख अमेरिकी डलर (अर्थात करीव रू. १ अर्व ९० करोड) ऋण लगानी गरिने छ ।

यस आयोजना अन्र्तगत आ.व. २०७८/७९ मा रू. ७० करोड ३७ लाख लगानी गर्ने लक्ष्य भएकोमा रू. ५४ करोड ४६ लाख लगानी भई लक्ष्यको ७७ प्रतिशत प्रगति भएको छ । यस अवधिमा यस आयोजना अन्तर्गत थप ४ वटा आयोजनाका लागि रू. ५० करोड ३४ लाख १८ हजार ऋण स्वीकृत गरिएको छ । हाल यस कार्यक्रम अन्तर्गत १९ वटा आयोजनाहरू चालु अवस्थामा रहेका छन् ।

तालिका नं. ३. आ.व. ०७८/७९ मा यस आयोजना अन्तर्गत स्वीकृत आयोजनाहरू

| क्र.सं. | आयोजनाको नाम | आयोजनाको अनुमानित लागत | नेपाल सरकार (७०% अनुदान) | न.वि.कोष (२५ % ऋण) | उपभोक्ता संस्था (५% सहलगानी) |
|---|---|---|---|---|---|
| १ | झुम्का शहरी खानेपानी तथा सरसफाई आयोजना | ६०९,१७३,००० | ४२६,४२१,१०० | १५२,२९३,२५० | ३०,४५८,६५० |
| २ | पूर्णागिरी शहरी खानेपानी तथा सरसफाई आयोजना | ३४९,४६८,००० | २४४,६२७,६०० | ८७,३६७,१२३ | १७,४७३,४०० |
| ३ | गोरुसिङ्गे शहरी खानेपानी तथा सरसफाई आयोजना | २९०,०२९,१६७ | २०३,०२०,३०० | ७२,५०७,२९२ | १४,५०१,४५० |
| ४ | सप्तकोशी शहरी खानेपानी तथा सरसफाई आयोजना | ७६५,००४,००० | ५३५,५०२,८०० | १९१,२५१,००० | ३८,२५०,२०० |
| | **जम्मा** | **२,०१३,६७४,१६७** | **१,४०९,५७१,८००** | **५०३,४१८,६६५** | **१००,६८३,७००** |

तालिका नं. ४. आ.व. ०७८/७९ मा यस आयोजना अन्तर्गत चालु आयोजनाहरू :

| सि.न. | आयोजनाको नाम | आयोजनाको लागत ठेक्का कबोल अंक | नेपाल सरकार (७०% अनुदान) | न.वि.कोष (२५% ऋण) | उपभोक्ता संस्था (५% सहलगानी) | आ.व. ०७८/७९ मा कोषको लगानी | आ.व. ०७८/७९ सम्ममा कोषको लगानी |
|---|---|---|---|---|---|---|---|
| १ | चरिकोट शहरी खानेपानी तथा सरसफाई आयोजना | ७१८,२३५,००० | ५३८,६७६,२५० | १७९,५५८,७५० | - | ४६,६२१,००० | १६३,४७६,६०८ |
| २ | सिलिचुङ्ग शहरी खानेपानी तथा सरसफाई आयोजना | ४९७,९९८,००० | ३४८,५९८,६०० | १२४,४९९,५०० | २४,८९९,९०० | १७,१३१,००० | ९८,७६७,५८५ |
| ३ | इलाम शहरी खानेपानी तथा सरसफाई आयोजना | ५७९,५०७,००० | ४०५,६५४,९०० | १४४,८७६,७५० | २८,९७५,३५० | ३२,९३८,००० | १२६,१४९,५१३ |
| ४ | रम्बाखोला माझीखोला शहरी खानेपानी तथा सरसफाई आयोजना | २२५,५५८,००० | १५७,८९०,६०० | ५६,३८९,५०० | ११,२७७,९०० | ११,०४४,००० | ४५,४३२,८४१ |
| ५ | चैनपुर शहरी खानेपानी तथा सरसफाई आयोजना | २४२,६२७,००० | १६९,८३८,९०० | ६०,६५६,७५० | १२,१३१,३५० | १५,१९४,००० | ४१,२०२,५२७ |
| ६ | लिवाङ्ग शहरी खानेपानी तथा सरसफाई आयोजना | ३१५,२४२,००० | २२०,६६९,४०० | ७८,८१०,५०० | १५,७६२,१०० | २४,६११,००० | ७१,३५३,९६२ |
| ७ | शुभघाट शहरी खानेपानी तथा सरसफाई आयोजना | ६२४,८९२,००० | ४३७,४२४,४०० | १५६,२२३,००० | ३१,२४४,६०० | ४२,५०८,००० | १३७,६६६,६०१ |
| ८ | प्रगतिनगर शहरी खानेपानी तथा सरसफाई आयोजना | २९४,९९६,००० | २०६,४९७,२०० | ७३,७४९,००० | १४,७४९,८०० | १७,९०३,००० | ६०,७७६,९९५ |
| ९ | सिद्धनाथ बैजनाथ शहरी खानेपानी तथा सरसफाई आयोजना | २०९,४४१,००० | १४६,६०८,७०० | ५२,३६०,२५० | १०,४७२,०५० | १५,४७०,००० | ४४,२३८,७५९ |
| १० | पाँचखाल शहरी खानेपानी तथा सरसफाई आयोजना | १,३३५,४३४,००० | ९३४,८०३,८०० | ३३३,८५८,५०० | ६६,७७१,७०० | ७२,६७२,००० | २१९,६३७,६४२ |
| ११ | हुप्से देउराली शहरी खानेपानी तथा सरसफाई आयोजना | ७७९,४९०,००० | ५४५,६४३,००० | १९४,८७२,५०० | ३८,९७४,५०० | ५४,४५९,००० | १७४,१०४,१२८ |
| १२ | खलंगा शहरी खानेपानी तथा सरसफाई आयोजना | २९२,६६६,००० | २०४,८६६,२०० | ७२,३०५,००० | १५,४९४,८०० | १८,०१९,००० | ३६,३२२,५६३ |
| १३ | दधिकोट शहरी खानेपानी तथा सरसफाई आयोजना | ५८६,४४७,८८० | ४१०,५१३,५१६ | १४६,६११,९७० | २९,३२२,३९४ | ४९,२६८,००० | ६०,७६७,९८७ |
| १४ | शारदानगर शहरी खानेपानी तथा सरसफाई आयोजना | ३३४,१६६,०५८ | २३३,९१६,२४१ | ८३,५४१,५१४.६० | १६,७०८,३०३ | ४५,९४७,००० | ५२,४०९,११६ |
| १५ | कंचनरूप शहरी खानेपानी तथा सरसफाई आयोजना | ४३९,६५३,००० | ३०७,७५७,१०० | १०९,९१३,२५० | २१,९८२,६५० | ५०,८४५,००० | ५९,७०९,१३७ |
| १६ | झुम्का शहरी खानेपानी तथा सरसफाई आयोजना | ३६४,४२३,००० | २५५,०९६,१०० | ९१,१०५,७५० | १८,२२१,१५० | ११,६९७,००० | ११,६९७,२५० |
| १७ | पूर्णागिरी शहरी खानेपानी तथा सरसफाई आयोजना | २१२,८४८,००० | १४८,९९३,६०० | ५३,२१२,००० | १०,६४२,४०० | ४,३४९,००० | ४,३४८,५४७ |
| १८ | गोल्मिसिङ्गे शहरी खानेपानी तथा सरसफाई आयोजना | १९१,०५७,००० | १३३,७३९,९०० | ४७,७६४,२५० | ९,५५२,८५० | ३,९४०,००० | ३,९३९,९७० |
| १९ | सप्तकोशी शहरी खानेपानी तथा सरसफाई आयोजना | ४६८,९९४,००० | ३२८,२९५,८०० | ११७,२४८,५०० | २३,४४९,७०० | १०,०३६,००० | १०,०३५,५२७ |
| **जम्मा** | | **८,७१३,६७४,९३९** | **६,१३५,४८४,२०७** | **२,१७७,५५७,२३५** | **४००,६३३,४९७** | **५४४,६५२,०००** | **१,४२२,०३७,२५८** |




*(शहरी खानेपानी आयोजना अन्तर्गत शारदानगर खानेपानी आयोजनाको निर्माणाधिन संरचना)*

## २.४ कोषको स्व:पूजी (ईक्विटी) बाट सञ्चालित कार्यक्रमहरू:

### १) खानेपानी तथा सरसफाई उपभोक्ता संस्था तर्फ

एशियाली विकास बैंकको सहयोगमा ७० वटा साना शहरहरूमा व्यवस्थित तथा सुरक्षित खानेपानी तथा सरसफाई आयोजनाको सफल कार्यान्वयन र प्रभावकारितालाई मध्यनजर गरी नेपाल सरकारको आफ्नो लगानी, कोषको ऋण तथा उपभोक्ता संस्थाको सहलगानीमा यो कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत नेपाल सरकारले छनौट गरेका साना शहरहरूमा खानेपानी आपूर्तिका आयोजनाहरू सञ्चालनका लागि कोषवाट बढीमा २५ प्रतिशत ऋण लगानी, उपभोक्तावाट ५ प्रतिशत नगद योगदान र नेपाल सरकारवाट ७० प्रतिशत अनुदान लगानी हुने ब्यवस्था रहेको छ । यस कार्यक्रम अन्तर्गत कोषको इक्वीटी पूँजीवाट सह-लगानी गर्न आ.व. २०७८/७९ मा रू. २२ करोड बजेट विनियोजन गरिएकोमा रू. १० करोड ५६ लाख ६१ हजार लगानी भई लक्ष्यको ४८ प्रतिशत प्रगति भएको छ । यस आ.व. मा ३ वटा नयाँ सहलगानी खानेपानीका आयोजनाहरूका लागि रू. १७ करोड १४ लाख ऋण स्वीकृत गरिएको छ ।

तालिका न. ५. आ.व.०७८/७९ मा यस कार्यक्रम अन्तर्गत स्वीकृत आयोजनाहरू:

| क्र.सं. | आयोजनाको नाम | कूल अनुमानित लागत | न.वि. कोष (२५ % ऋण) |
|---|---|---|---|
| १ | बढ्डीचौर खानेपानी तथा सरसफाई आयोजना | १८३,२८०,००० | ४५,८२०,००० |
| २ | बेलभुण्डी खानेपानी तथा सरसफाई आयोजना | ३२३,४८५,००० | ८०,८७१,२५० |
| ३ | भादँगाउ खानेपानी तथा सरसफाई आयोजना | १७५,३०२,००० | ४३,८२५,५०० |
| **जम्मा** | | **६८२,०६७,०००** | **१७०,५१६,७५०** |

तालिका नं. ६. आ.व. ०७८/७९ मा यस आयोजना अन्तर्गत चालु आयोजनाहरू :

| सि.न. | आयोजनाको नाम | आयोजनाको लागत | नेपाल सरकार (७०% अनुदान) | न.वि.कोष (२०%-२५% ऋण) | उपभोक्ता संस्था (५%-१०% सहलगानी) | आ.व. ०७८/७९ मा कोषको लगानी | आ.व. ०७८/७९ सम्ममा कोषको लगानी |
|---|---|---|---|---|---|---|---|
| १ | अत्तरिया खानेपानी तथा सरसफाई आयोजना | १३१,९८८,००० | ९२,३९१,६०० | २६,३९७,६०० | १३,१९८,८०० | १४,६३९,०६० | १६,९५९,०५६ |
| २ | बाग्लुङ्ग खानेपानी तथा सरसफाई आयोजना | ३०२,६५१,००० | २११,८५५,७०० | ७५,६६२,७५० | १५,१३२,५५० | १२,५०९,६६० | १६,९५९,०५६ |
| ३ | पर्वत वेनी खानेपानी तथा सरसफाई आयोजना | १०४,८१८,००० | ७३,३७२,६०० | २६,२०४,५०० | ५,२४०,९०० | - | १९,६०६,७६७ |
| ४ | नारायणी खानेपानी तथा सरसफाई आयोजना | १०४,४०१,००० | ७३,०८०,७०० | २६,१००,२५० | ५,२२०,०५० | ४,३५६,६४० | २६,१००,२५० |
| ५ | वयरघारी खानेपानी तथा सरसफाई आयोजना | ७२,१८४,००० | ५०,५२८,८०० | १४,४३६,८०० | ७,२१८,४०० | - | ८,७७६,३२० |
| ६ | उर्लाबारी खानेपानी तथा सरसफाई आयोजना | १७७,२२१,००० | १२४,०५४,७०० | ३५,४४४,२०० | १७,७२२,१०० | ३,९६१,२७० | २५,२०७,७७२ |
| ७ | टंकी सिनवारी खानेपानी तथा सरसफाई आयोजना | २७५,५४०,००० | १९२,८७८,००० | ५५,१०८,००० | २७,५५४,००० | ११,५९७,१६० | २४,४०५,८५२ |
| ८ | जुटपानी खानेपानी तथा सरसफाई आयोजना | १९१,४४३,००० | १३४,०१०,१०० | ४७,८६०,७५० | ९,५७२,१५० | १७,५१८,३५० | १९,४९३,३४६ |
| ९ | बढ्डीचौर खानेपानी तथा सरसफाई आयोजना | १५९,३७४,००० | १११,५६१,८०० | ३१,८७४,८०० | १५,९३७,४०० | ४,३६८,५१० | ४,३६८,५१४ |
| १० | बेलभुण्डी खानेपानी तथा सरसफाई आयोजना | ३०७,३६५,००० | २१५,१५५,५०० | ६१,४७३,००० | ३०,७३६,५०० | ३६,७१०,७४० | ३६,७१०,७३५ |
| ११ | भादँगाउ खानेपानी तथा सरसफाई आयोजना | १५२,४३६,००० | १०६,७०५,२०० | ३८,१०९,००० | ७,६२१,८०० | - | - |
| **जम्मा** | | **१,९७९,४२१,०००** | **१,३८५,५९४,७००** | **४३८,६७१,६५०** | **१५५,१५४,६५०** | **१०५,६६१,३९०** | **१९८,५८७,६६८** |



*(सहलगानी खानेपानी आयोजना अन्तर्गत सम्पन्न नारायणपुर खानेपानी आयोजनाको संरचना)*

## २. नगरपालिकाहरू तर्फ

मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना (Secondary Towns Integrated Urban Environmental Improvement Project- STIUEIP) डिसेम्वर २०१९ देखि समाप्त भैसकेको भए पनि यस कार्यक्रम अन्तर्गत सञ्चालित काभ्रे उपत्यकामा (वनेपा, धुलिखेल र पनौती नगरपालिका) एकीकृत खानेपानी आयोजना सम्पन्न हुन बाँकी अवस्थामा रहेकोले सो आयोजनालाई सम्पन्न गर्न नगरपालिकासँग सहकार्य गरी आयोजनामा थप ऋण लगानीका लागि गत आ.व देखि कोषको स्व:पूँजीबाट ऋण लगानी गर्ने व्यवस्थापन गरी आ.व.२०७८/७९ मा यस आयोजनाको लागि रू. १२ करोड ५२ लाख ऋण लगानी गर्ने लक्ष्य राखिए पनि यस आयोजना कार्यान्वयनमा आएको समस्याका कारण नगरपालिकाबाट आयोजनामा थप ऋण लगानीका लागि माग नगरिएकोले कुनै पनि लगानी हुन सकेन । नगरपालिकातर्फ सहलगानी खानेपानी आयोजना अन्तर्गत धनकुटा नगरपालिकामा “Deep Boring & Reservoir Tank” आयोजनाका लागि ३ करोड ८ लाख ७६ हजार ऋण स्वीकृत गरिएको छ । यस ऋण लगानीबाट दोश्रो खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत निर्माण सम्पन्न भई हाल संचालनमा रहेको धनकुटा खानेपानी तथा सरसफाई आयोजनाको सेवा प्रभाहमा सुधार हुनेछ ।

## (३) शहरी विकास कार्यक्रम

**(Urban Development Programme- UDP)**

शहरी पूर्वाधारको क्षेत्रमा कोषको लगानीलाई विविधिकरण गर्ने उद्देश्य राखी नवप्रवर्तक र नविनतम आयोजनाहरूलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्नका लागि कोषको ईक्वीटी पूँजिवाट Multi-Level Car Parking, Solid Waste Management, Land Pooling, Refreshment Center जस्ता आयोजनाहरूमा आ.व.२०७८/७९ मा रू. रू. ४४ करोड ४७ लाख लगानी गर्ने लक्ष्य राखिएको थियो । शहरी पूर्वाधारका क्षेत्रमा उल्लेखित आयोजनाहरू नयाँ अवधारणाका भएका र सम्भावित विभिन्न नगरपालिकाहरूसँग आयोजनाको अवधारणामा अन्तरक्रिया र आयोजनाको विस्तृतरूपमा अध्ययन गर्नुपर्ने भएकोले यस आ.व.मा वित्तीयरूपमा लक्ष्य अनुसार लगानी हुन सकेन । यस आ.व.मा वुटवल र वनेपामा बहुतले पार्किङ्ग आयोजनाको विस्तृत अध्ययनका लागि परामर्शदाता परिचालन भएको छ भने सैनामैना जग्गा विकास आयोजनाको कोषबाट अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## (४) सार्वजनिक नीजि साझेदारी कार्यक्रम (Public Private Partnership Programme)

स्थानीय तहहरूलाई पूर्वाधार निर्माणका लागि ठूलो धनरासी आवश्यक भैरहेको वर्तमान अवस्थामा कोषबाट समेत सार्वजनिक तथा नीजि क्षेत्रसँगको सहकार्य, साझेदारी र सहभागितालाई प्रबर्द्धन गर्ने उद्देश्यले आ.व ०७८/७९ मा यस कार्यक्रम अन्तर्गत शहरी पूर्वाधारका आयोजनाहरूमा रू. २० करोड ८८ लाख लगानी गर्ने लक्ष्य राखिएको थियो । सार्वजनिक नीजि साझेदारीमा लगानी सम्बन्धी पर्याप्त कानूनी तथा नीतिगत व्यवस्था, लगानी विनियमाली नभएका कारण यस अवधारणामा आयोजना विकास तथा निर्माण कार्यले गति लिन नसक्दा यस कार्यक्रम अन्तर्गत वित्तिय प्रगति हुन सकेन । स्थानीय तहले छनौट गरेका पिपिपि आयोजनामा लगानी गर्ने गरी लगानी विनियमावली तयार गरिएको छ । भिमदत्त कञ्चनमहल आयोजना सार्वजनिक नीजि साझेदारी अवधारणामा आगाडि बढाउन लगानीको विधि निर्क्यौल भई नगरपालिकाबाट प्रस्ताव आव्हान गरिए पनि आयोजना अगाडि बढ्न सकेको छैन ।

## (५) दिगो शहरी यातायात कार्यक्रम

**(Sustainable Urban Transport Programme)**


आ.व. ०७८/७९ मा काठमाण्डौ उपत्यकाको चक्रपथमा e-BRT सञ्चालनका लागि काठमाण्डौ महानगरपालिका, ललितपुर महानगरपालिका, भक्तपुर नगरपालिकाहरूसँगको छलफल पश्चात् भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट सैद्धान्तिक सहमती प्राप्त अवधारणा पत्रलाई लगानीका लागि आ.व. ०७८/७९ अन्तिमरूप दिइने लक्ष्य राखिएकोमा कोषले CGF को स्रोत परिचालन गर्नेगरी काठमाण्डौ उपत्यकामा सार्वजनिक यातायात प्रणालीको रूपान्तरणकारी आयोजना विद्युतिय वस (Electrical Bus Rapid Transit (eBRT) काठमाण्डौ उपत्यकामा Route 1: Ring Road, Route 2: Suryabinayak to Ratnapark एवं Radial Routes (within Kathmandu Ring Road) संचालन गर्नेगरी अवधारणा पत्र शहरी विकास मन्त्रालय र अर्थ मन्त्रालयमा छलफल गरी अर्थ मन्त्रालय मार्फत हरित जलवायु कोषमा पठाईएको छ ।

# नगर विकास कोषको आयोजना



# संचालन भएका नगरपालिका तथा साना शहरहरु

| विवरण | नगरपालिकाको संख्या | साना शहर खानेपानी र सरसफाई क्षेत्र परियोजनाको संख्या |
|---|---|---|
| प्रदेश नं. १ | २१ | २४ |
| मधेश प्रदेश | १७ | ८ |
| बागमती प्रदेश | १८ | १४ |
| गण्डकी प्रदेश | ७ | २६ |
| लुम्बिनी प्रदेश | १५ | १७ |
| कर्णाली प्रदेश | ३ | ७ |
| सुदूरपश्चिम प्रदेश | ७ | १४ |
| जम्मा | ८८ | ११० |



# ३. नगर विकास कोष र अन्तर्राष्ट्रिय संघ संस्थाको सहकार्यमा संञ्चालित कार्यक्रमहरू

## ३.१ संयुक्त राष्ट्र पूँजी विकास कोष संगको सहकार्य (United Nations Capital Development Fund)

स्थानीय तह/नगरपालिका र नगर विकास कोष समेतको वित्तीय व्यवस्थान क्षमता विकास गरी पूर्वाधार बिकासका लागि पुँजीगत लगानीका विभिन्न नविनतम बिधिहरू अबलम्बन गर्नका निमित्त नगर विकास कोष र संयुक्त राष्ट्र पूँजी विकास कोष (UNCDF) बीच आवश्यक सहकार्यको लागि मिति २५ मंसीर २०७४ (11 December 2017) मा समझदारी भई साझेदारी कार्यक्रमको २ वर्षे अवधि सम्पन्न भई थप मिति ३१ अगष्ट २०२३ सम्म UNCDF र कोष बीच सम्झौता (११ जुन २०२२) भई कार्यान्वयनको चरणमा रहेको छ ।

सहकार्य अन्तर्गत नगरपालिकाहरूमा शहरी पूर्वाधार विकासमा पूँजीगत लगानीका लागि आयोजना विकास तर्जुमा, व्यवस्थापन तथा राजस्व अभिवृद्धिका साथसाथै नगर विकास कोष पुनःसंरचना रणनीति पत्र बमोजिम रुपान्तरण गर्न आवश्यक संस्थागत विकासका निमित्त संयुक्त राष्ट्र पुँजी विकास कोषबाट प्राप्त प्राविधिक सहयोग परिचालन भैरहेको छ ।

आ.व. ०७८/७९ मा कोष पुनःसंरचना रणनीति बमोजिम रूपान्तरणको चरणमा रहेकोले कोषको संस्थागत विकासका लागि UNCDF को प्राविधिक सहयोगलाई सोही सहयोग अनुसार पुऱ्याउने गरी परिमार्जन सहित समझदारी गरियो । क्षेत्रिय एवम् स्थानीयस्तरमा आर्थिक वृद्धिको महत्वपूर्ण उपकरणको रूपमा रहेको Sub National Debt को अवधारणालाई राष्ट्रियस्तरमा स्थापित गर्नका लागि Sub National Debt Policy Paper तयार गर्नमा समेत UNCDF को प्राविधिक सहयोगलाई परिचालन गरिनुको साथै नगर विकास कोषलाई आवश्यकता अनुसार पुनःसंरचना गर्नका लागि आवश्यक संस्थागत तयारीका लागि कोषको Organizationl Capacity Assesstment (OCA) / O & M Study सम्पन्न भई कोषका लागि लगानीयोग्य आयोजना विकास गर्न सम्बन्धित दिग्दर्शन तयार पार्न परामर्शदाता नियुक्ति भई अध्ययन भईरहेको छ । साथै पूर्वाधार सम्पत्ती व्यवस्थापन सम्बन्धी कार्य अगाडि बढाउन UNDESA र UNOPS को समेत सहकार्यमा १५ वटा नगरपालिकामा काम भैरहेको छ ।

## ३.२ नगरपालिका वित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रम

युरोपियन युनियनको वित्तीय सहयोगमा सञ्चालित नगरपालिका वित्त व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम (MFCB) को मुख्य उद्देश्य नगरपालिकाहरु र नगर विकास कोषको वित्तीय क्षमता अभिवृद्धि तथा स्थानीय आर्थिक विकास र जलवायु सम्बर्द्धन गर्ने पूर्वाधार निर्माणका नविनतम लगानी विधि अपनाउने क्षमताको विकास गर्ने रहेको छ । यो कार्यक्रम १५ वटा नगरपालिकाहरु (भद्रपुर, मेचीनगर, इटहरी, धरान, जनकपुर, हरिवन, हेटौडा, धुलिखेल, गोरखा, तानसेन, बुटवल, तुल्सीपुर, वीरेन्द्रनगर, धनगढी र भीमदत्त) मा सञ्चालन भईरहेको छ ।

नगरपालिका वित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रमको लागि ३१ डिसेम्बर २०१८ मा नगर विकास

कोष र युरोपियन युनियन बीच सम्झौता भई कार्यान्वयनमा रहेको यो कार्यक्रमको अवधि १ वर्ष थप भई जनवरी २०२४ सम्म संचालनमा रहनेछ ।

आ.व. ०७८/७९ मा यस कार्यक्रम अन्तर्गत गोरखा वीरेन्द्रनगर हेटौंडाको राजस्व सुधार कार्ययोजना (RIAP) तयार गरिएको, जलवायु उत्थानशील संरचनाहरू पबर्द्धन सम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिएको, Public Asset Management सम्बन्धी तालिम, आयोजना बैंक तयारी, हरित जलवायु कोषमा आयोजना प्रस्तावका लागि जलवायु उत्थानशील संरचनाहरू पबर्द्धन सम्बन्धी आयोजना अवधारणा तयार गर्ने सम्बन्धी कामहरू सम्पन्न




*MFCB कार्यक्रमका विज्ञबाट धुलीखेल नगरपालिकामा संचालन हुने "शहरी पुनर्जिवन आयोजना"का लागि जनप्रतिनिधि लगायत स्थानीयवासीहरूसँग समन्वय र छलफल कार्यक्रम ।*




*MFCB कार्यक्रम अन्तर्गतका विभिन्न क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनको लागि विज्ञहरूबाट बुटवल नगरपालिकाका जनप्रतिनिधि लगायत स्थानीयवासीहरूसँग समन्वय र छलफल कार्यक्रम ।*

भएका छन् ।

## ३.३ हरित जलवायु कोष (Green Climate Fund)

हरित जलवायु कोषले राष्ट्रहरूको हरित गृह ग्याँस उत्सर्जन न्युनीकरण तथा जलवायु परिवर्तन अनुकूल विकासमा सहयोग गर्ने उद्देश्य लिएको छ । यस हरित जलवायु कोष अन्तर्गत नगर विकास कोषमार्फत् जलवायु परिवर्तन अनुकुलन तथा न्युनीकरणका प्रति आयोजना अमेरिकी डलर ५० देखि २५० मिलियनसम्मका मझौला आयोजनाहरूमा अनुदान, सरल ऋण र ग्यारेन्टीका रूपमा वित्तीय स्रोत परिचालन गर्न सकिने अवसर प्राप्त हुनेछ ।

नगर विकास कोषले हरित जलवायु कोष (GCF) को मान्यता (Accreditation) प्राप्त गरी हरित जलवायु कोषको वित्तीय स्रोत प्रादेशिक सरकार र स्थानीय तहसँगको सहकार्यमा जलवायु परिवर्तन अनुकूलन र न्युनीकरणका आयोजनाहरू विद्युत्तीय सार्वजनिक यातायात, ऊर्जा दक्षता, सौर्य ऊर्जा, सिमसार संरक्षण तथा व्यवस्थापन, बहुउद्देश्यीय जल भण्डारण आदि पुर्वाधार विकासमा ऋण तथा अनुदान परिचालन गर्ने लक्ष्य लिएको छ ।

Green Climate Fund (GCF) मा कोषलाई मानक संस्था (Accreditation Institution) का रूपमा स्थापित गर्ने कार्यको प्रथम चरण सम्पन्न भै दोस्रो चरणको प्रक्रियामा रहेको छ ।

आ.व. ०७८/७९ मा कोषले CGF को स्रोत परिचालन गर्नेगरी अर्थ मन्त्रालयबाट स्वीकृत Country Program Pipeline मा रहेका Green Buses: Large Scale Deployment of Electric Buses in Kathmandu Valley र National Financing Vehicle to Boost the Emergence of Nepal's Green Economy जस्ता आयोजनाहरूको तयारी गरिरहेको छ । काठमाडौं उपत्यकामा सार्वजनिक यातायात प्रणालीको रूपान्तरणकारी आयोजना विद्युतिय वस (Electrical Bus Rapid Transit (eBRT) उपत्यकाको Route 1. Ring Road, Route 2. Suryabinayak to Ratnapark एवं Radial Routes (within Kathmandu Ring Road) संचालन गर्नेगरी अवधारणा पत्र शहरी विकास मन्त्रालय र अर्थ मन्त्रालयमा छलफल गरी अर्थ मन्त्रालय मार्फत हरित जलवायु कोषमा पठाईएको छ । काठमाण्डौ उपत्यकामा विद्युतिय सार्वजनिक यातायात (e-BRT) सञ्चालनका लागि काठमाडौं महानगरपालिका, भक्तपुर नगरपालिका, ललितपुर महानगरपालिकासँगको छलफल पश्चात् भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट सैद्धान्तिक सहमती प्राप्त अवधारणा पत्रलाई शहरी विकास मन्त्रालयमा आवश्यक छलफल गरी अर्थ मन्त्रालय NDA बाट GCF मा पत्राचार भई Project Preparation Facility मार्फत बिस्तृत आयोजना प्रतिवेदन तयार गर्ने चरणमा रहेको छ ।






*काठमाडौं महानगरपालिका प्रमुख लगायतका पदाधिकारीहरूसँग काठमाडौं उपत्यकामा कोषबाट Green Climate Fund GCF को श्रोत परिचालन गर्ने गरी तयार गरिएको विद्युतीय बस eBRT अबधारणा पत्रमा छलफल कार्यक्रम ।*

# ४. संस्थागत विकास, व्यवसाय प्रबर्द्धन तथा जनशक्ति व्यवस्थापन

कोषका कार्यक्षेत्र विस्तृतीकरण र पूँजी पुनःसंरचना गर्नेगरी रूपान्तरणको चरणमा रहेसंगै कोषको संस्थागत विकास, शहरी पूर्वाधार क्षेत्रमा कोषको लगानी क्षेत्रलाई ब्यापक तथा प्रभावकारी बनाउन व्यावसाय प्रबर्द्धन र कोषको ४ वर्षे (आ.व. ०७७/७८ देखि ०८०/८१) व्यावसायिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरूको प्राप्तिका निम्ति कोषको संस्थागत विकास, व्यवसाय प्रबर्द्धन तथा जनशक्ति व्यवस्थापनतर्फ आ.व. ०७८/७९ मा प्राप्त उपलब्धी तथा भएका प्रयासहरूलाई देहाय वमोमिज संश्लेषण गरिएकोछ :

### (क) संस्थागत विकासतर्फः

- आ.व. ०७८/७९ को नीति, कार्यक्रम तथा बजेटमा कोषलाई पुर्नसंरचना गरी शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने पूँजी परिचालन गर्ने संस्थाको रूपमा विकास गरिने नीति तथा कार्यक्रम रहेसंगै कोषका कार्यक्षेत्र विस्तृतीकरण र पूँजी पुनःसंरचना सम्बन्धी रणनैतिक पत्र समितिबाट स्वीकृत भई नेपाल सरकारको स्वीकृतिको प्रक्रियामा रहेको छ ।

- कोषबाट गरिने लगानीका स्रोतहरू–नेपाल सरकार, कोषको ईक्विटी तथा अन्य बाहृय स्रोतहरू प्रभावकारीरूपमा परिचालन गर्नका लागि विभिन्न नविनतम लगानीका विधीहरू अवलम्वन गर्नेगरी लगानी विनियमावली, २०७९ समितिमा स्वीकृतिको चरणमा रहेको छ ।

- कोषले पूर्वाधार निर्माणका लागि गरेको ऋण लगानीको असुली प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन "ऋण असुली विनियमावली, २०७९" समितिमा स्वीकृतिको चरणमा रहेको छ ।

- कोषको ऋण लगानीमा खानेपानी तथा सरसफाई उपभोक्ता संस्था वा स्थानीय तहद्वारा सञ्चालन हुने खानेपानी आयोजनाको लागि वित्तीय सुनिश्चितता तथा लागत असुलीको सिद्धान्त अनुरूप महसुल दर निर्धारण गर्ने पद्धति अवलम्वन गरी खानेपानी सेवा प्रवाहलाई गुणस्तरीय, दिगो, भरपर्दो एवम् सर्वसुलभ बनाउन "खानेपानी महशुल दर सिफारिस निर्देशिका, २०७८" लागु भएको ।

- कोषको वार्षिक बजेट तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन व्यवस्थाका लागि लागु गरिएको Performance Monitoring Framework लाई IT मा आधारित बनाउन Real Time Monitoring System सफ्टवेयरको विकास गरि लागु गरिएको ।

- ICT Audit बाट प्राप्त सुझाव वमोजिम कोषको IT & IS Policy, 2079 / IT & IS Guidelines, 2079 तयार गरिएको ।

- संयुक्त राष्ट्र पुँजी विकास कोष (UNCDF) को प्राविधिक सहयोगमा कोषको पुर्नसंरचना गर्न विद्यमान नीति, नियम, कानूनी संरचनाहरूका साथै जोखिम व्यवस्थापन, कोष व्यवस्थापन र सञ्चालन प्रक्रिया सम्बन्धमा अन्तरराष्ट्रिय विज्ञ परामर्शदाताबाट अध्ययन सम्पन्न भएको ।

- कोषको आवश्यक कागजपत्रहरूलाई पूर्ण डिजिटल प्रणालीमा राखिएको र कम्प्युटरीकृत लेखा प्रणालीलाई समेत कोषको व्यवस्थापन सूचना प्रणालीमा राख्ने कार्य सम्पन्न भएको ।

- संयुक्त राष्ट्र पुँजी विकास कोष (UNCDF) को प्राविधिक सहयोगमा कोषलाई निगममा रूपान्तरण गर्नका लागि आवश्यक संस्थागत तयारीका लागि कोषको O & M Study / Organizational Capacity Assessment (OCA) अध्ययन प्रतिवेदन अनुसार कोषको O & M को प्रक्रिया अगाडि बढाईएको ।
- साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत संचालित आयोजनाको मुल्याङ्कन गर्नका लागि Self Assessment Evalution तयार गरिएको ।

- हरित जलवायु कोष (GCF) मा पहुँच स्थापित गरी जलवायु अनुकूलन तथा प्रभाव न्यूनिकरणका सार्वजनिक पूर्वाधारहरूमा लगानीका लागि Accreditation प्राप्त गर्ने प्रक्रियाका लागि आवश्यक दस्तावेजहरू Project Appraisal Guideline, M & E Guideline, E & S Policy, PPP Guideline, Internal Audit Manual, Risk Management Framework, GESI Policy हरूको मस्यौदा तयार गरिएको ।

- नगर विकास कोषको भवन निर्माणका लागि DPR बनाउने कार्य प्रारम्भ गरिएको ।

- विद्यमान वित्तीय परिचालन पूँजी स्रोतका अलवा वैकल्पिक स्रोत म्यूनिसिपल बोण्ड/डेभलपमेण्ट बोण्डहरूको सम्भावित अध्ययनका लागि कार्ययोजना तयार गरी कार्यान्वयनको चरणमा रहेको ।

## (ख) व्यावसाय प्रबर्द्धन तथा क्षमता अभिबृद्धतर्फ

- सम्भावित विभिन्न बहुपक्षीय, द्विपक्षीय, अन्तराष्ट्रिय दातृ निकायहरू तथा अन्य सङ्घ सस्थाहरूको स्रोत प्राप्ति तथा परिचालनका लागि Asian Infrastructure Investment Bank (AIIB) df Non Sovereign Debt Financing का लागि प्रस्ताव पेश गरिएको ।

- कोषलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको वित्तीय मध्यस्थकर्ता संस्था Center of Excellence को रूपमा विकसित गर्ने गरी ISO 9001:2015 Certificate प्राप्त गर्नका लागि आवेदन दिईएको ।

- नगरपालिका वित्तीय क्षमता विकास कार्यक्रम अन्तर्गत गोरखा, विरेन्द्रनगर र हेटौडाको राजस्व सुधार कार्ययोजना (RIAP) तयार गरिएको ।

- खानेपानी उपभोक्ता संस्थाहरूको विभिन्न क्षेत्रमा क्षेमता विकासका लागि नेतृत्व विकास, Accounting Software, विलिङ्, व्यवसायकि योजना तर्जुमा तथा कार्यान्वन, बिमा सम्बन्धी र नगरपालिकाका ईन्जिनियरहरूलाई खरिद तथा Contract Management तालिम सञ्चालन गरिएको ।

- कोषका व्यवस्थापक तथा ईन्जिनियरहरूलाई जलवायु उत्थानशील संरचनाहरू पबर्द्धन सम्बन्धी अभिमुखीकरण, खरिद व्यवस्थापन, Advanced Compuer तथा Secretarial जस्ता तालिमहरू प्रदान गरिएको ।

- कोषका व्यवस्थापन तथा आयोजना ईन्जिनियरहरूलाई जलवायु उत्थानशील संरचनाहरू प्रबर्द्धन सम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिएको ।



- खानेपानी संस्थाहरूको क्षमता अभिबृद्धिका लागि ५४ वटा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका लेखाक्षेत्रमा कार्यरत कर्मचारीहरूलाई  विलिङ तथा एकाउन्टिङ सफ्टवेयर  सम्बन्धी ५ दिने तालिम प्रदान गरिएको ।





*खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरूको क्षमता अभिबृद्धिको लागि लेखा क्षेत्रमा कार्यरत कर्मचारीहरूलाई* विलिङ तथा एकाउन्टिङ सफ्टवेयर सम्बन्धी तालिम ।

- खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुका अध्यक्षहरूलाई  आयोजनाको बीमा सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिएको ।




*खानेपानी तथा सरसफाई उपभोक्त संस्थाहरूको क्षमता अभिबृद्धिको लागि आयोजनाहरूको बीमा सम्बन्धी अभिमुखीकरण सम्बन्धी कार्यक्रम* ।

- २० वटा खानेपानी उपभोक्ता संस्थाहरूको व्यवासायिक योजना तयार गरी कार्यान्वयनका लागि अभिमुखीकरण तालिम प्रदान गरिएको ।
- नगरपालिका वित्तीय क्षमता विकास कार्यक्रम अन्तर्गतका ईटहरी, धरान, मेचीनगर, भद्रपुर नगरपालिकाहमा  Public Asset Management सम्बन्धी तालिम प्रदान गरिएको  ।
- व्यवस्थापन तहका कर्मचारीहरूलाई Management and Leadership सम्बन्धी तालिम प्रदान गरिएको ।
- कोषका व्यवस्थापन तहका कर्मचारीहरू, आयोजना ईन्जिनियरहरूलाई जलवायु उत्थानशील संरचनाहरू प्रबर्द्धन सम्बन्धी अभिमुखीकरण, खरिद व्यवस्थापन सम्बन्धी तालिम, सम्बन्धित कर्मचारीहरूलाई Advance कम्प्यूटर सम्बन्धी तालिम, सचिवालयका कर्मचारीहरूलाई Secretarial जस्ता तलिमहरू प्रदान गरिएको ।

### (ग) जनशक्ति व्यवस्थापनतर्फः

- Organization and Management (O&M) and Organizational Capacity Assessment को प्रतिवेदन र कोषको स्वीकृत सङ्गठन संरचना वमोजिम प्रशासन, वित्त तथा प्राविधिक सेवा समूह तथा तहमा गरी ४६ दरवन्दीहरू मध्ये विभिन्न सेवा समूह तथा तहमा कूल ३४ पदमा कार्यरत रहेका छन् । आ.व. ०७८/७९ मा कोषको स्वीकृत व्यावसायिक कार्ययोजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त गर्नका लागि विगत लामो समयदेखि रिक्त रहेका कोषको कार्यकारी श्रेणी तह –११ निर्देशक पद सङ्ख्या २ (प्राविधिक)–१, वित्त र प्रशासन १) मा पदपूर्तिको प्रक्रिया अगाडी बढाउन सञ्चालक समितिबाट स्वीकृत भएको छ ।

  युरोपियन युनियन (EU) को अनुदान सहयोगमा सञ्चालित Municipal Finance and Capacity Building (MFCB) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका १५ जना विषय विज्ञ र २ जना सहयोगी कर्मचारी सहित १७ कार्यरत रहेका छन् ।

  कोषको संस्थागत विकासका लागि शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत एशियाली विकास बैंकको प्राविधिक सहयोग अन्तर्गत ५ जना विज्ञहरूको नियमित सेवा प्राप्त भैरहेको छ ।

### (घ) राष्ट्रिय, अन्तराष्ट्रिय दातृ संस्था एवम् संघ संस्थासंगको सहकार्यतर्फः

- हरित जलवायु कोष (GCF) को DAE रूपमा मान्यता प्राप्त गर्ने सम्बन्धमा बिस्तृत आवेदन प्रक्रिया पुरा गरी दोश्रो चरणमा रहेको छ ।
- GCF मा काठमाडौं उपत्यका भित्र संचालनका लागि e-BRT Concept Note अर्थ मन्त्रालय मार्फत Project Preparatory Facility को लागि अनुरोध गरी पठाईएको छ ।
- कोषको व्यवसाय विस्तारका लागि अन्तराष्ट्रिय संस्थाहरू Foreign, Commonwealth & Development Office (FCDO), Asian Infrastructure Investment Bank (AIIB), Japan International Cooperation Agency (JICA) सहकार्य गर्ने सम्बन्धमा नीतिगत छलफल सहित प्रक्रिया अगाडि बढाईएको ।
- संयुक्त राष्ट्र पूँजी विकास कोष (UNCDF) को प्राविधिक सहयोगमा कोषको पुर्नसंरचना गर्न विद्यमान नीति, नियम, कानूनी संरचनाहरूका साथै जोखिम व्यवस्थापन, कोष व्यवस्थापन र सञ्चालन प्रक्रिया सम्बन्धमा अन्तरराष्ट्रिय विज्ञ परामर्शदाताबाट अध्ययन सम्पन्न भएको ।
- संयुक्त राष्ट्र पुँजी विकास कोष (UNCDF) को प्राविधिक सहयोगमा नगर विकास कोषलाई क्षेत्राधिकार विस्तार तथा पूँजी बृद्धि गरी रूपान्तरण गर्नका लागि आवश्यक संस्थागत तयारीका लागि कोषको O & M Study / Organizationl Capacity Assesstment (OCA) अध्ययन सम्पन्न ।
- Japan International Cooperation Agency (JICA) संग Solid Waste Management तथा Water Supply का क्षेत्रमा सहकार्य गर्ने सम्बन्धमा नीतिगत छलफल ।
- Global Green Growth Institute (GGGI) बाट अध्ययन भएको Market assessment to structure a Blended Finance Facility (BFF) for Faecal Sludge and Septage Management (FSSM) Sector in Nepal को NATIONAL VALIDATION WORKSHOP सम्पन्न भई सहकार्यका लागि सम्भावित साझेदार निकायसंग छलफल प्रारम्भ ।




*Faecal Sludge and Septage Management (FSSM) Sector in Nepal को NATIONAL VALIDATION सम्बन्धी कार्याशाला गोष्ठी*

# ५. अनुगमन तथा मुल्याङ्कन

कोषको आ.व. ०७८/७९ को वार्षिक निति, कार्यक्रम तथा बजेट अनुसारको लक्ष्य तथा कार्यक्रमहरूको अनुगमन तथा मुल्याङ्कन विभिन्न चरणमा गर्ने गरी Performance Monitoring Framework (PMF) मा सुचकहरू निर्धारण गरी मासिक रूपमा PMF का आधारमा कार्यकारी निर्देशक तहमा र त्रैमासिक रूपमा मन्त्रालय स्तरीय समीक्षा गरी आवश्यक राय सुझाव लिई मुल्याङ्कन गर्ने गरिएको छ । कोषले सोही आ.व. का लगानी लक्ष्य तथा ऋण असुली लक्ष्य अनुसार आयोजनाहरूको गुणस्तरिय रूपमा समयमा भौतिक प्रगति भए वा नभएको तथा तत्काल समस्या समाधान आदिका लागि शहरी पुर्वाधारका आयोजना तथा खानेपानी तथा सरसफाई क्षेत्रका आयोजनाहरूको कोषका विभिन्न तहका अधिकारीवाट स्थलगत सुपरीवेक्षण तथा अनुगमन गर्ने गरिएको छ । साथै विभिन्न समयमा दातृ-निकायका प्रतिनिधिको मिसनमा पनि अनुगमन तथा मुल्याङ्कन गरी समिक्षा सहित सुधार गर्ने गरिएको छ । यस आ.व. मा कोषबाट ऋण लगानी, ऋण असुली, आयोजनाको प्रगति, आयोजनाको छनौट, तयारी आदि उद्देश्यका लागि गोरखा, भिमेश्वर, बाग्लुङ्ग, व्यास, नेपालगंज, कोहलपुर, कटहरिया, मौलापुर, विरगंज, वुटवल, भेरीगंगा, मिर्चैया लगायतका नगरपालिकाहरू तथा टंकी सिनवरी, विदुर, वर्दिवास, कंचनरूप, शारदानगर, इलाम, फिदिम, कटारी लगायतका साना शहरहरूमा स्थलगत अनुगमन गरिएको छ ।

कोषले शहरी पूर्वाधार विकासका विभिन्न क्षेत्रमा लगानी गरेको आयोजनाको उद्देश्य अनुसार लक्षित समुदायहरू लाभान्वित भए वा नभएको, प्रतिफल पाप्त भए वा नभएको, सेवा प्रवाहको तथा आयोजनाको संचालन तथा व्यवस्थापनको प्रभावकारी सम्बन्धमा तथा कोषको लगानीले पुर्वाधार विकास तथा आर्थिक क्षेत्रमा गरेको योगदानको मुल्याङ्कन गर्ने कार्य अगाडी बढाईएको छ ।

कोषवाट लगानी भएका आयोजनाहरूको निर्माण सम्पन्न पश्चात आवश्यकता अनुसार तेस्रो पक्ष मुल्याङ्कन गर्ने गरिएको छ ।



*कमलामाई नगरपालिकामा निर्माणाधिन बहुउदेश्यीय सभा हल आयोजनाको अनुगमन तथा निरक्षण भ्रमण*



*कोहलपुर नगरपालिकामा निर्माणाधिन क्षत्रीय बसपार्क आयोजनाको अनुगमन तथा निरक्षण भ्रमण*

# ६. कोषको वित्तीय अवस्था

नगर विकास कोषले आ.व. २०७८/७९ मा शहरी तथा खानेपानी पूर्वाधारका आयोजनाहरू र अध्ययन तथा अनुसन्धानका आयोजनाको आयोजना बैंक तयार गर्न र कार्यान्वयनका लागि नेपाल सरकार, एशियाली विकास बैंकको वित्तिय स्रोत तथा कोषको स्वपूँजी समेत परिचालन गर्ने गरी रू. २ अर्व ९२ करोड ७७ लाख (संशोधित) ऋण तथा अनुदान लगानी गर्ने लक्ष्य लिएको थियो ।

कोषबाट लगानी भएका आयोजनाहरूबाट सार्वजनिक सवारी साधनको व्यबस्थित ब्यवस्थापन, बसपार्क निर्माण, एउटै स्थानबाट व्यावसायिक क्रियाकलापका सेवा प्रदान, फलफुल तथा तरकारी बजारको सहज पहुँच, जग्गा विकास/व्यबस्थापन, बहुतले कार पाकिङ्ग आदि शहरी सुविधाहरू प्रदान गर्नेगरी सम्बन्धित क्षेत्रका शहरी वासिन्दा लावान्वित भएका छन् । साथै खानेपानी तथा सरसफाई क्षेत्रका आयोजनाबाट उपभोक्ताहरूलाई खानेपानी आपूर्ति सहज र सरल रूपमा प्राप्त भई राखेको छ । आयोजना तयारी तथा प्रस्तावित निर्माण हुने आयोजनाको जग्गा, कानूनी रूपमा लगानी योग्य हुन वा संभावित निकायबाट सहमति लिने प्रकृयामा लामो समय लागेकाले लक्ष्य अनुसारको लगानी कम हुन गएको छ । अतः आयोजना कार्यान्वयनमा देखिएका यि विविध समस्याहरूलाई मध्येनजर राख्दै आगामि वर्षहरूमा कार्य योजना बनाई कार्यान्वयन गरिने छ ।

## ६.१ आयोजनाहरूमा ऋण तथा अनुदान लगानी:

आ.व. २०७८/७९ का लागि तय गरिएका विभिन्न कार्यक्रम तथा आयोजनाहरूका लागि नेपाल सरकार, दातृ निकाय तथा कोषको आफ्नो पूँजी कोष समेतको परिचालन गरी जम्मा रू. ४ करोड ७७ लाख अनुदान तथा रू. २ अर्व ८८ करोड १४ लाख ऋण गरी कुल रू. २ अर्व ९२ करोड ७७ लाख लगानी गर्ने लक्ष्य राखिएकोमा मा कोषबाट रू. ९६ करोड ६६ लाख ऋण र १ करोड ५७ लाख अनुदान गरी जम्मा रू. ९८ करोड १७ लाख लगानी भएको छ ।

## ६.२ ऋण असुली :

कोषको ऋण असुलीमा प्रभावकारिता ल्याउनका लागि विगतमा गरिएका लगानीहरूलाई समय सीमा भित्र साँवा ब्याज सहित प्राप्त गर्न सुधारात्मक कार्यहरू अगाडी बढाउँदै कोषले आ.व. २०७८/७९ मा असुल हुनुपर्ने साँवा तथा ब्याज गरी जम्मा रू. १ अर्व ५४ करोड ७ लाख प्राप्त गर्ने लक्ष्य राखिएकोमा रू. ७८ करोड ३४ लाख (लेखापरिक्षण हुन बाँकी) असुल भएको छ ।

## ६.३ ऋण भुक्तानी:

कोषले विभिन्न दातृ निकायको सहयोगमा सञ्चालित कार्यक्रम तथा आयोजनाहरूका लागि नेपाल सरकारबाट प्राप्त भएको ऋणको साँवा तथा ब्याज वापत आ.व. ०७८/७९ मा रू. २० करोड ८२ लाख ३९ हजार भुक्तानी गर्ने लक्ष्य रहेकोमा रू. १० करोड ५४ लाख ४४ हजार भुक्तानी गरिएको छ ।

## ६.४ आम्दानी:

कोषको व्यवसाय सञ्चालनवाट हुने नियमित आम्दानी र संस्थागत विकासका लागि प्राप्त हुने अनुदान आम्दानी समेतवाट वित्तीय विवरण अनुसार आ.व. २०७८/७९ मा कुल रू. ७४ करोड ३६ लाख ८९ हजार आम्दानी हुने अनुमान गरिएकोमा जम्मा रू. ७० करोड ६ लाख ३१ हजार आम्दानी हुन गएको छ ।

### ६.५ कूल सञ्चालन खर्चः

आ.व. २०७८/७९ मा कोषको व्याज खर्च, कर्मचारी खर्च, कार्यालय सञ्चालन खर्च, व्यवसाय प्रवर्द्धन, प्राविधिक सहयोग तथा परामर्श सेवा खर्च, संस्थागत विकास कार्यक्रम खर्च तथा गैर सञ्चालन खर्च गरी कुल खर्च गरी रू. ३८ करोड ७ लाख ९२ हजार हुने अनुमान गरिएकोमा कूल रू. २४ करोड ९ लाख ५९ हजार खर्च हुन गएको छ ।

### ६.६ वचतः

आ.व. २०७८/७९ कुल आम्दानी रू. ७४ करोड ३६ लाख ८९ हजार भई ३८ करोड ७ लाख ९२ हजार कूल खर्च भई रू. ३६ करोड २८ लाख ९७ हजार वचत हुने र उक्त वचत रकमबाट रू. १० करोड कर तिर्ने लक्ष्य राखी खुद वचत रू. २६ करोड २८ लाख ९७ हजार हुने अनुमान गरिएकोमा प्रारिम्भक वित्तीय विवरण अनुसार वास्तविक कुल आम्दानी रू. ७० करोड ६ लाख ३१ हजार, कुल खर्च रू. २४ करोड ९ लाख ५९ हजार र वचत रू. ४५ करोड ९६ लाख ७२ हजार हुने देखिएको छ ।

### ६.७ पूँजी वृद्धिः

आ.व. २०७७/७८ सम्ममा कोषको वास्तविक पूँजी रू. ६ अर्व १९ करोड १ लाख ७४ हजार भएकोमा कोषको व्यावसायिक योजना (२०७७/७८-२०८०/८१) तथा आ.व. २०७८/७९ का लागि प्रस्तावित नीति, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन पश्चात् कोषको पूँजीमा रू. ३६ करोड १३ लाख ८७ हजार थप हुने अनुमान गरिएकोमा कोषको प्रारम्भिक वित्तीय विववरण अनुसार आ.व. २०७८/७९मा रू. ४६ करोड १३ लाख ६१ हजार थप भई कोषको कूल पूँजी रू. ६ अर्व ६५ करोड १५ लाख ३४ हजार पुगेको छ ।

कोषले वित्तीय विवरणहरू नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार तयार गर्ने भएकोले यी आँकडाहरू परिवर्तन हुन सक्छन् ।

# ७. कोषको भावी योजना

नगर विकास कोष विकासका पूर्वाधारहरू जिवन्त, उत्थानशिल र प्रकृतिमय हुनु पर्ने आजको आवश्यकता अनुसार आधारभूत तथा प्रतिफलमुखी आर्थिक पूर्वाधारहरू निर्माणका लागि विभिन्न वैकल्पिक वित्तीय स्रोत परिचालन तथा आयोजना निर्माणका विविध विधि अवलम्वन गर्दै आएको छ । शहरी विकासका वहुआयामिक पक्षहरूलाई समेटी शहरी पूर्वाधार सेवा र सुविधाहरूको माग र पूर्तिको खाडललाई कम गर्न कोषको कार्यक्षेत्रको विस्तार सहित पूँजी बृद्धि गरी प्रदेश तहमा तथा सार्वजनिक नीजि साझेदारी विधिवाट समेत लगानी गर्नेगरी नगर विकास कोषको पुनः संरचना रणनीति पत्र तयार गरी नेपाल सरकारवाट स्वीकृति हुने क्रममा रहेको छ । उक्त रणनीतिको आधारमा नगर विकास कोष ऐन २०५३ लाई संशोधन गर्ने योजना रहेकोछ । यसरी कोषलाई प्रदेश तथा स्थानीय तहका पूर्वाधार निर्माणका लागि राष्ट्रिय वित्तिय बजार एवं नीजि क्षेत्रको पूँजीलाई समेत शहरी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने एक दिगो वित्तीय मध्यस्थकर्ता संस्थाको रूपमा विकास गराउने भावी योजना रहेको छ ।

१. लगानीको कार्यक्षत्र विस्तार र पूँजीबृद्धि गरी प्रदेश तथा नगरपालिकाका माग र रणनैतिकरूपमा महत्वपूर्ण तथा स्थानीय आर्थिक विकासलाई योगदान पुऱ्याउने आयोजनाहरूमा लगानी गर्न बहुवर्षिय आयोजना बैङ्क तयार गर्ने ।

२. शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पूँजी परिचालनका लागि नियमित दातृ निकाय तथा नेपाल सरकारको अतिरिक्त सार्वजनिक नीजि साझेदारी र वोण्ड जस्ता वैकल्पिक वित्तीय स्रोत परिचालन गर्ने ।

३. हरित जलावायु कोष (Green Climate Fund) बाट ऋण तथा अनुदान परिचालन गरी वातावरणिय अनुकुलन आयोजनाहरूमा लगानी गर्ने ब्यवस्था मिलाईने ।

४. प्रभावकारी आयोजना कार्यान्वयन तथा लक्षित उद्देश्य प्राप्तिका लागि आवश्यक लगानीमा देखिएको खाडललाई परिपूर्ति गर्न विद्यमान क्षमता विकासका कार्यक्रमहरूलाई अझ प्रभावकारीरूपमा संचालनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था संगको सहकार्य अझ वृद्धि गरिनेछ ।

५. कोष तथा नगरपालिकाहरूको Credit Rating गराई आवश्यक नीतिगत एव्म कानुनी व्यवस्था गरिनेछ ।

६. दिगो सार्वजानिक यातायात व्यवस्थापनका लागि विद्युतीय तथा न्यून प्रदुषणयुक्त यातायात व्यवस्थापनमा लगानी गर्ने ।

७. Non-Sovereign Guarantee Debt परिचालनका लागि अन्तराष्ट्रिय वित्तिय संघ संस्थासँग आवश्यक पहल गरिने छ ।

८. विभिन्न प्रदेशमा यसका शाखा विस्तार गरी सेवा प्रवाह प्रभावकारीरूपमा गराउने ।

९. नगर विकास कोषको स्वीकृत पुनःसंरचना रणनैतिक पत्र कार्यान्यवन गर्ने ।

## ७.१ कोषको व्यवसायिक योजना :

शहरी पुर्वाधार विकासका लागि विविध किसिमका वैकल्पित वित्तीय स्रोत परिचालन गरी नवप्रवर्धन विधिहरू सहित प्रभावकारी तथा दिगो पूर्वाधार विकास गरी मुलुकको समग्र विकासमा योगदान पुऱ्याउने उद्देश्य सहित नगर विकास कोषले आ.व. २०७७/७८ देखि २०८०/८१ को चार वर्षे योजना स्वीकृत गरी कार्यान्वयन गरि रहेकोछ । यस चार वर्षे ब्यवसायिक योजनामा निम्न लक्ष्य लिई दोश्रो वर्षमा कार्यान्वयन भई रहेको छ :

क) कोषले चार वर्षको अवधिमा रू. २० अर्व लगानी गर्ने ।

ख) कोषको विद्यमान ईक्वीटी रू. २० अर्व पुऱ्याउने ।

ग) विद्यमान स्वपूँजी तथा नेपाल सरकार र दातृ निकायहरूको प्रतिबद्धताका अलावा थप रू. १२ अर्व ९७ करोड वित्तीय स्रोत परिचालन गर्ने ।

घ) लगानी असुली ६२.२५ प्रतिशतवाट ९५ प्रतिशतमा पुऱ्याउने ।

ङ) ७ वटा प्रदेशमा शाखा विस्तार गर्ने ।



*कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुन:संरचना सम्बन्धी गरिएको अध्ययनमा नेपाल सरकारका पूर्व अर्थमन्त्री डा. युवराज खतिवडा, कोषका पूर्व कार्यकारी निर्देशकज्यूहरू तथा UNCDF का प्रतिनिधिज्यूहरूबीच छलफल कार्यक्रम ।*

# नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवं पूँजी पुन:संरचना सम्बन्धी

## रणनैतिक-पत्र

(नगर विकास कोषको सञ्चालक समितिको मिति २०७९/९/२४ बाट स्वीकृत)

## १. पृष्ठभूमि :

नगर विकास कोष, विकास समिति ऐन २०१३ अनुसार वि.स. २०४५ मा नगर विकास कोष समितिको रूपमा गठन भई नगर विकास कोष ऐन २०५३ द्धारा स्थापना भएको अविछिन्न स्वायत्त वित्तीय मध्यस्तकर्ता संस्था हो । कोषले स्थानीय तह, शहरी पूर्वाधार विकास सँग सम्बन्धित संघ/संस्था तथा साना शहर अन्तर्गत खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरूलाई नेपाल सरकार, द्धिपक्षिय तथा वहुपक्षिय संघ/संस्थाहरूको वित्तीय सहयोगमा शहरी पूर्वाधार र आधारभूत सामाजिक पूर्वाधार निर्माणका लागि ऋण, अनुदान, प्राविधिक सहयोग, अध्ययन तथा अनुसन्धान गरी रहेको छ ।

कोषले स्थापनाकाल देखि हालसम्म करिव १३५३ वटा आयोजनाका लागि जम्मा रू. १९ अर्व ६ करोड ७७ लाख रकम बराबर ऋण तथा अनुदान स्वीकृत गरी जम्मा रू. १४ अर्व १९ करोड २५ लाख रकम बराबर ऋण तथा अनुदान लगानी गरेको छ । तिब्ररूपमा वढ्दै गईरहेको शहरीकरणलाई व्यवस्थित गरि शहरी वातावरण र जीवनस्तरमा सुधार ल्याउन शहरी पूर्वाधार निर्माण, विकास तथा विस्तारमा ठूलो लगानीको आवस्यकता रहेको छ।१५ औं पञ्च वर्षीय योजनाले लिएको प्रतिव्यक्ति राष्ट्रिय आयमा वृद्धि, गुणस्तरीय मानव पुंजी निर्माण, आर्थिक जोखिमहरूको न्यूनीकरण गर्दै योजना अवधिभित्रै राष्ट्रलाई विकासशील मुलुकमा स्तरोन्नती गर्ने लक्ष्य हासिल गर्न लगानीको आवश्यकता बढी भएको वर्तमान अवस्थामा ठूला र आर्थिक पूर्वाधारका आयोजनाहरूको निर्माण तथा विकासमा वैकल्पिक वित्तीय उपकरणहरू परिचालन गर्नु जरूरी भएको ।

राष्ट्रिय शहरी नीति, २०६४ र राष्ट्रिय शहरी विकास रणनीति, २०७३ ले कोषको पूँजी बृद्धि सहित पूर्वाधार विकासका लागि विविध वित्तीय स्रोतहरूको पहिचान तथा परिचालन गर्ने सक्षम संस्थाकोरूपमा पुर्नसंरचना गर्ने उल्लेख भएको ।

नेपालको संविधान अनुसार राज्य संरचना र राज्य शक्तिको वाडफाँड संघ, प्रदेश र स्थानीय तहमा विभाजन गरिएकोले कोषको कार्यक्षेत्र विस्तार र सेवालाई प्रभावकारी गराउन नेपाल सरकारको आ.व. २०७६/७७ देखि आ.व. २०७९/८० सम्म निरन्तररूपमा वार्षिक कार्यक्रम तथा बजेटमा कोषलाई पुनः संरचना गर्ने गरी पूर्वाधार विकासमा वैकल्पिक पूँजी परिचालन गर्ने संक्षम संस्थाका रूपमा विकास गरिने कुरा उल्लेख भएको ।

## २. कोषको पुनःसंरचना गर्नु पर्ने कारण र आधारः

- नेपाल सरकारको आ.व २०७६/७७, आ.व २०७७/७८, आ.व २०७८/७९ र आ.व २०७९/८० को बजेट वक्तव्य बमोजिम नेपाल सरकारले व्यवस्थापिका संसद समक्ष प्रस्तुत गरेका विभिन्न बार्षिक कार्यक्रमहरू अनुसार नगर विकास कोष ऐन, २०५३ अनुसार स्थापित नगर विकास कोषलाई पुनसंरचना गरिने छ भन्ने उल्लेख भएको ।
- संघीय संरचना अनुसार प्रदेश सरकार तथा स्थानीय तहमा शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने वित्तीय स्रोत र Sub- National Borrowing परिचालन गर्न सक्ने व्यावसायिक संस्था वनाउन आवश्यक भएको ।
- कोषको विद्यमान ऐनमा पूँजी संरचना सम्बन्धी स्पष्ट व्यवस्था नभएको र शहरी पूर्वाधारहरूमा दिर्घकालिन ऋण परिचालन गर्न पूँजी वृद्धि सहित पूँजी संरचना आवश्यक भएको ।
- राष्ट्रिय शहरी नीति २०६४ मा शहरी पूर्वाधार विकासका लागि विविध वित्तीय स्रोतहरूको पहिचान गरी परिचालन गर्ने उल्लेख भएको ।
- राष्ट्रिय शहरी नीति २०६४ को रणनीतिमा नगर विकास कोषको पूँजी प्रवाहलाई सुदृढ गर्दै शहरी पूर्वाधार विकासमा सम्बद्ध निकायहरूको पहुँच सहज बनाउने उल्लेख भएको ।
- राष्ट्रिय शहरी विकास रणनीति, २०७३ मा शहरी वित्त व्यवस्था अन्तर्गत नगर विकास कोषलाई सवल वित्तीय संस्था बनाउन स्वपूँजी बढाउने उल्लेख भएको ।
- नेपाल सरकारलाई पेश भएका विभिन्न अध्ययन प्रतिवेदनमा नगर विकास कोषको पूँजी बृद्धिका लागि कानूनी व्यवस्था सहित पुनर्सरचना गर्ने,

[1]नगर विकास कोषले Sub–National Borrowing प्रदान गर्न सक्ने गरी पुनर्संरचना गर्ने, [2]तथा कोषलाई पुनः संरचना गरी कम्तिमा रू. २० अर्व बराबर पूँजी संरचना बनाउनु पर्ने उल्लेख भएको ।[3]

- कोषको स्वीकृत व्यावसायिक कार्य योजना (सन् २०२० देखि २०२४) ले कोषको कानूनी पुनर्संरचना गरी रू. बीस अर्व पूँजी पुर्याउने लक्ष्य लिएको ।
- नेपाल सरकार अर्थ मन्त्रालय र एशियाली विकास बैकका विच सम्पन्न सहमति अनुसार Nepal : Strengthening Public Finance Management and Devolved Service Delivery Program अन्तर्गत नेपाल सरकारले एशियाली विकास बैकबाट सहुलियतपूर्ण ऋण बजेटरी सहायताको रूपमा कुल २०० मिलियन अमेरिकी डलर प्राप्त गर्ने विषयमा PRELIMINARY POLICY DESIGN AND MONITORING FRAMEWORK को Prior Reform Action : Sub program 1 (Reform Area–2) को दफा १.६ अनुसार स्थानीय तहहरूका शहरी पुर्वाधार विकासका लागि नगर विकास कोषको पुँजी बृद्धि सहितक्षेत्राधिकारमा ब्यापक विस्तार गर्ने गरी कोषको पुनः संरचना रणनीतिलाई नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृति गराउनु पर्ने उल्लेख भएको ।

### ३. थप गर्नु पर्ने क्षेत्राधिकारः

नगर विकास कोष ऐन, २०५३ मा उल्लेख भएका क्षेत्राधिकार र लगानीका क्षेत्र बाहेक देहायका क्षेत्राधिकार थप गर्नुपर्नेः

(क) प्रदेश सरकार र स्थानीय तह ।

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहद्वारा सार्वजनिक निजी साझेदारी अवधारणा अनुरूप छनौट वा सिफारिस भएका शहरी पूर्वाधार विकासका आयोजना ।

(ग) शहरी पूर्वाधार विकास सम्बन्धी आयोजना संचालन गर्ने निकाय वा आयोजना वा कम्पनी

(घ) शहरी पूर्वाधार विकास सम्बन्धी निकायलाई ऋण, अनुदान, शेयर वा त्यस्तै प्रकृतिको पूँजीगत लगानी ।

(ङ) पूर्वाधार विकाससंग सम्बन्धित कुनैपनि बैंक, वित्तीय संस्था वा कम्पनीहरूबाट जारी भएको शेयर वा ऋण पत्रमा लगानी ।

(च) नेपाल सरकारले जारी गरेको ऋणपत्र वा धितोपत्रमा लगानी ।

(छ) Sub–National Borrowing को रूपमा लगानी गर्ने ।

### ४. कानूनी पुनःसंरचनाः

(क) कोषलाई स्थापित गरेको प्रचलित कानून नगर विकास कोष ऐन, २०५३ ले कोषलाई Statutory Body (वैधानिक निकाय) को स्वरूप प्रदान गरी स्थापना गरेको छ । उक्त ऐनको दफा ४ अनुसार कोष अविच्छिन्न उत्तराधिकारवाला स्वाशासित र संगठित संस्था हो । यस आधारमा कोषलाई रचना गरिएकोले देवानी संहिताको परिच्छेद-२ वमोजिम कोष कानूनी व्यक्तिको सक्षमता प्राप्त सङ्गठित संस्था पनि हो । देवानी संहिताको दफा ४४ को खण्ड (ञ) र (ट) समेतले कोष नेपाल सरकारद्वारा कानून बमोजिम स्थापना भएको संस्था/निकाय भएकोले पनि कोषले स्वतः कानूनी व्यक्तिको रूपमा सक्षमता प्राप्त सङ्गठित व्यक्तित्व (corporate personality) रहेको संस्था हो ।

(ख) नगर विकास कोष ऐन, २०५३ ले कोषलाई अविछिन्न स्वशासित संस्थाकोरूपमा स्थापित भई नियमितरूपमा सेवा प्रवाह गर्दै आएको छ । स्वशासित (self–governing) को अर्थ उक्त निकाय वा संस्था स्वयम् शासित रहने सक्ने अवधारणामा

[1]Policy and Advisory Technical Assistance for Strengthening subnational public management, ADB/MoF_2017 September.
[2]Design a framework for subnational government financing through borrowing in the context of fiscal decentralization in Nepal_TDF/LBFC/UNCDF_May 2017.
[3]Development of Municipal Financial Framework for National Urban Development Strategy of Nepal , TDF 2015

मात्र सिमीत रहन्छ । कोषलाई नेपाल सरकारले दफा ३१ अन्तर्गत आदेश वा निर्देशन दिन सक्ने अधिकार र त्यसरी दिएको आदेश वा निर्देशन कोषले मान्नु पर्ने भएकोले कोष नेपाल सरकारको नीति निर्देशन पालना गर्दै आएको छ । त्यसैगरी ऐनको दफा ३३ अन्तर्गत नेपाल सरकारको कोषलाई विघटन गर्न सक्ने फराकिलो दायराले पनि कोषको स्वयमलाई शासन गर्नसक्ने अधिकार संकुचित भएको छ । कोषलाई पूर्ण स्वायत्त एवं व्यवसायिकरूपमा संचालन गर्न बाहिरी नियन्त्रण वा अन्य सरकारी निकायबाट समदुरीमा राख्ने गरि कोषलाई पुनर्गठन गर्नु आवश्यक रहन्छ ।

### ५. पूँजीगत पुनःसंरचनाः

(क) नगर विकास तथा शहरी पूर्वाधारको संख्या एवं गुणस्तरको बढोत्तरी गर्न कोषले पुँजी जुटाउने कार्य तथा लगानीको क्षेत्र पहिचान गरि पुँजी परिचालन गर्न क्षेत्रमा सक्रिय रहनुपर्छ । यस्तो कार्य व्यावसयिक उद्देश्यका साथ व्यवसायिक सिद्धान्तको अधिनमा रहि गरिनुपर्छ । तसर्थ कोषसँग पूँजी जुटाउने आफ्नै अधिकार हुनुपर्छ । साथै प्राप्त आयलाई आफै राख्ने र त्यस्तो आयबाट संचालन लागत, पुँजीगत लागत, ऋण चुक्ता गर्ने सक्ने सामर्थ्य कोषको कार्यसंचालनको अभिन्न पक्ष हुनुपर्दछ । साथै कोषलाई आवश्यक परेमा सरकारले बेला-बेलामा अतिरिक्त पुँजी प्रवेश गराउने, ऋण वा ऋणपत्रको मार्फत थप पुँजी प्राप्त गर्ने सक्ने प्रबन्ध पनि चाहिन्छ । तसर्थ कोषको पुँजीगत व्यवस्था गर्न र शेयर संरचना निर्धारण गर्दा यी विषयहरूलाई ध्यानमा राखिनु पर्दछ ।

(ख) कोषमा अहिले कायम हुन आएको सम्पत्ति एवं भविष्यमा लगानी गर्न चाहिने रकमलाई मध्यनजर गर्दा कोषको अधिकृत पुँजी न्यूनतम पचास अर्ब रूपैया कायम गरिनुपर्ने देखिन्छ । जारी पुँजी पनि पचास अर्ब रूपैया तथा चुक्ता पुँजी भने बीस अर्ब रूपैया तोकिनु पर्ने देखिन्छ । शेयरको अंकित मूल्य सय रूपैया कायम गरिनुपर्दछ ।

(ग) शेयरको बाँडफाँड विभिन्न शेयर समुहमा विभाजन गरी नेपाल सरकारको कम्तिमा एकाउन्न (५१) प्रतिशत शेयर रहने गरी बाँकी प्रतिशत प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकारको स्वामित्व रहका निगम, कोष, संस्थान, कम्पनी, बैक र राष्ट्रिय एवं अन्तराष्ट्रिय वित्तीय संस्थाको शेयर रहने गरी कायम गरिने छ ।

(घ) प्रचलित लेखाको मापदण्ड अनुसार तयार भएको वित्तीय विवरणका आधारमा समितिले खुद मुनाफाको व्यवस्थापन तथा परिचालन गर्न सक्नेछ ।

### ६. वित्तीय श्रोतः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,
(ख) द्विपक्षीय, बहुपक्षीय तथा अन्तर्राष्ट्रिय संघ, संस्था, गैर सरकारी संघ संस्था, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण, अनुदान वा अन्य आर्थिक सहायता,
(ग) लगानीबाट प्राप्त आय,
(घ) प्रचलित कानून बमोजिम जारी ऋणपत्र,
(ङ) विभिन्न स्रोतबाट प्राप्त अन्य सहयोग,
(च) प्रचलिन कानून बमोजिम निगमको सम्पत्ति बिक्री वितरणबाट प्राप्त आय ।

### ७. कोष समितिको पुनःसंरचनाः

(क) कोषको संचालन र व्यवस्थापनका लागि एक संचालक समिति रहनेछ । कोष संचालक समिति नेपाल सरकार वा अन्य सरकारी निकायहरूको प्रभाव एवं हस्तक्षेपबाट कोषलाई उन्मुक्त राखिनुपर्छ । कोषलाई नेपाल सरकार प्रति उत्तरदायी बनाउन संचालक समितिलाई जवाफदेहि, व्यावसायीक र स्वायतत्ता बीच उपयुक्त सन्तुलन सुनिश्चित गरिनुपर्दछ ।

(ख) संचालक समितिको संरचना शहरी विकास मन्त्रालयको सचिव अध्यक्ष रहने गरी शेयर लगानी अनुपातको आधारमा सम्बन्धित शेयर

समूहका संचालक सदस्यहरू र नेपाल सरकारले तोकेको स्थानीय तहको प्रमुख वा उपप्रमुख वा नेपाल नगरपालिका संघको अध्यक्ष र विषय विज्ञ सहितको एक संचालक समिति हुनेछ ।

## ८. व्यवस्थापकिय संरचनाः

कोषलाई स्वायत्त तथा ब्यवसायिक संस्थाको रूपमा थप क्षेत्राधिकार सहितको पूँजी परिचालन गर्न आवश्यक कर्मचारीको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदनका आधारमा कर्मचारीहरूको व्यवस्थापन गरिनेछ । कोषको दैनिक कार्य संचालन गर्नका लागि प्रमुख कार्यकारी अधिकृत खुल्ला प्रतिस्प्रर्धाको आधारमा नियुक्त गरिने छ ।

## ९. कोषको लगानीको सुरक्षणः

(क) कोषको पुनसंरचना गरि यसको कार्यक्षेत्र र लगानीको क्षेत्रलाई विस्तारित गर्दा लगानी प्राप्त गर्ने निकायहरू मुख्य रूपमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह रहने देखिन्छ। कोषले सार्वजनिक निजि साझेदारी अवधराणाका परियोजनामा लगानी गर्दा यी निकायहरूलाई कोषले कर्जा (ऋण) एवं शेयर जस्ता वित्तीय उपकरण मार्फत लगानी गर्दा यदा-कदा निजि क्षेत्रबाट स्थापति कम्पनीहरूमा पनि लगानी गर्नुपर्ने हुन्छ। निकायहरु, कम्पनी तथा आयोजनामा गरिएको लगानी सुरक्षित हुन नसकेमा वा कर्जा असुलीसँग सम्बन्धित प्रावधानहरु प्रभावकारी नभएमा कोषले गरेको लगानी जोखिममा पर्न सक्दछ ।

(ख) कोषले गरेको कर्जा/ऋण र सोको असुली गर्नको लागि पर्याप्त कानूनी आधार तथा आवश्यक वित्तीय उपकरणहरू र त्यस्ता उपकरणहरू तयार गर्नका लागि आवश्यक पर्ने कानूनी विधिको व्यवस्था स्पष्ट रूपमा गरिनुपर्दछ । आयोजनाहरूमा गरिने ऋणको सुरक्षणका लागि धितो, धरौटी तथा व्यक्तिगत वा संस्थागत जमानत लिने व्यवस्था आवश्यक छ। यसरी गरिएको लगानीबाट ऋण असुली हुन नसकेमा त्यस्तो धितो वा धरौटी, जमानतबाट ऋण असुली गर्नुपर्ने प्रावधान कानूनमा आवश्यक छ। नगर विकास कोष ऐन, २०५३ को दफा ११ ले यस सम्बन्धि व्यवस्था गरेको छ । उक्त प्रावधानले "प्रचलित कानून बमोजिम" रकम फिर्ता नभएमा ऋणीको सम्पत्ति कब्जा गर्ने, बहाल ठेक्का पट्टामा दिन वा लिलाम बढाबढ, बोलपत्र वा आपसी छलफलद्वारा बिक्रि गरि रकम असुल उपर गर्न सक्ने अधिकार कोषलाई प्रदान गरको छ । तर "प्रचलित कानून बमोजिम" भन्नाले के निर्दिस्ट गर्ने खोजेको भन्ने बारेमा चाहिं उक्त प्रावधान प्रस्ट भने छैन । तसर्थ अन्य कानूनसँग नजोडी कोषसँग सम्बन्धित कानूनमा नै लगानी/कर्जा असूलसँग सम्बन्धित सम्पूर्ण प्रावधान राख्दा कोषलाई लगानी सुरक्षा गर्न मद्दत मिल्दछ ।

(ग) साथै कोषलाई आफ्नो हित सुरक्षित गर्न प्रथम हकदाबी (First Charge) को व्यवस्था गरिदिंदा कोषको लगानी सुरक्षित हुने देखिन्छ।त्यसको निमित्त कानूनी आधार सिर्जना गरिनुपर्ने देखिन्छ। नगर विकास कोष ऐन, २०५३ को दफा १३ ले कोषलाई निकाय वा संस्था बिघटन भएको अवस्थामा मात्र पहिलो हकदाबी को अधिकार प्रदान गरेको छ । लगानी सुरक्षित गर्न ऋणीको नगद प्रावह (cash flow) तथा जायजेथामा प्रथम हकदाबीको व्यवस्था कानूनमा नै प्रष्ट रूपमा गरिनुपर्ने देखिन्छ ।

(घ) अर्को महत्वपूर्ण पक्ष भनेको ऋण पवाह गरिएको सरकारी सयन्त्रले Loan Default गरेमा जोखिम न्यूनीकरण गर्न कोषले अवलम्बन गर्न सक्ने विकल्पहरू पनि कानूनमा सम्बोधन भएको हुनुपर्दछ । प्रमुख रूपमा प्रदेश सरकार तथा पलिका (स्थानीय तह) हरू Loan Default मा पर्न सक्ने सम्भावनालाई नकार्न सकिन्न । यस्तो अवस्थामा कोषलाई प्रदेश सरकार तथा पलिका (स्थानीय तह) लाई प्राप्त हुने राजस्व उपर हकदाबी गरि ऋण असुल गर्न सक्ने अधिकार प्रदान गर्नु वान्छनीय हुन्छ। त्यसको निमित्त कोषसँग सम्बन्धि कानूनमा कोषलाई revenue intercept गर्न सक्ने अधिकार रहनु पर्दछ। अर्थात् प्रदेश सरकार वा स्थानीय तहले निर्धारित अवधी भित्र ऋण चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहलाई उपलब्ध गराउने राजस्व रकमबाट कट्टा गरि सो रकम असुल गर्ने कानूनी अधिकार कोषलाई प्रदान गरिनु पर्छ । साथै करार

बमोजिम पनि revenue intercept को अधिकार स्थापित गर्न कोष र सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तह बीच हुने ऋण सम्झौता (Loan Agreement) मा पनि कोषले सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहलाई प्राप्त हुने राजस्व उपर हकदाबि गर्नसक्ने प्रावधान समेटिनुपर्ने देखिन्छ ।

## १०. कोषको नियमनः

नेपाल सरकारको स्वामित्व प्राप्त निकाय भएतापनि कोषको प्रभावकारी संचालन तथा कार्यक्षेत्रमा व्यापकता ल्याउन स्वन्त्र नियमनको परिधि भित्र कोषलाई ल्याउन उचित देखिन्छ । साथै कोषले व्यावसायिक सिद्धान्त अनुसार ऋण लगानी समेत गर्ने भएकोले ऋण असुलीको प्रक्रियालाई थप प्रभावकारी बनाउन स्वतन्त्र नियमनको परिधिभित्र लगेमा श्रेयस्कर हुन जाने देखिन्छ । बैंकिंग नियमनको प्रमुख उद्धेश्य बैंकका उपभोक्ताको संरक्षण हो र कोषको हकमा यो लागू नहुने भएकोले एवं कोषलाई आफ्नो कार्यसंचालनमा लचकता पनि चाहिने भएको र बैंक तथा वित्तीय संस्था जस्तो नेपाल राष्ट्र बैंकबाट नियमन हुँदा बिभिन्न अनुपालनका बिषयले त्यस लचकतामा अंकुश लाग्न सक्ने भएकोले पनि कोषलाई सम्पूर्ण रूपमा नेपाल राष्ट्र बैंकबाट नियमन हुने व्यवस्था उचित नहुन सक्दछ । यद्यपि कोषलाई नेपाल राष्ट्र बैंकको सामान्य निर्देशनमा भने चल्ने गरी नरम नियमनको दायरामा भने ल्याउन सकिन्छ ।

## ११. निष्कर्षः

नगर विकास कोष ऐन, २०५३ मा माथि उल्लेखित विषयवस्तुलाई समावेश गरी संशोधन भएमा कोषको क्षेत्राधिकारमा विस्तार एवम् पूँजी बृद्धि भई व्यवासायिक सवल स्वायत्त वित्तीय मध्यस्थकर्ता संस्थाकोरूपमा शहरी पूर्वाधार विकासमा प्रदेश एवम् स्थानीय तहहरूमा स्वःपूँजी एवम् अन्तराष्ट्रिय वित्तीय स्रोतहरू परिचालन भई स्थानीय तह एवम् प्रदेश सरकारहरूको पूर्वाधार निर्माण र आन्तरिक आम्दानीमा बृद्धि भई वित्तीय संघियताको जग मजबुत बनाउन समष्टिगत आर्थिक बृद्धि तथा राष्ट्रिय लक्ष्य हासिल गर्नमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।

..............................

## तालिका नं. ७ : आ.व. २०७८/७९ को अनुदान तथा ऋण लगानी लक्ष्य तथा प्रगति

रू. हजारमा

| सि.नं | कार्यक्रम/आयोजना | | लक्ष्य (लगानी) | | जम्मा | प्रगति (लगानी) | | जम्मा | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुदान | ऋण | | अनुदान | ऋण | | | |
| १ | नगर विकास कार्यक्रम | नगरपालिकाहरूमा सामाजिक पूर्वाधार, हाउस पुलिङ्गका आयोजनाहरू | १०,००० | - | १०,००० | - | - | - | - | |
| | | नगरपालिकाहरूमा सामाजिक पूर्वाधार, फोहरमैला व्यवस्थापन एवं जग्गा विकासका आयोजनाहरू | २२,७७७ | - | २२,७७७ | - | - | - | - | |
| | | नगरपालिकाहरूको सामाजिक पूर्वाधार, वातावरणीय सुधार तथा आयमूलक आयोजनाहरूको सम्भाव्यता अध्ययन | १०,००० | - | १०,००० | १३,४०५ | - | १३,४०५ | १३४% | |
| | | नगरपालिकाहरूको सामाजिक पूर्वाधार, वातावरणीय सुधार तथा आयमूलक आयोजनाहरूको सुपरिवेक्षण | ५,००० | - | ५,००० | १,७४२ | - | १,७४२ | ३५% | |
| | **जम्मा** | | ४७,७७७ | - | ४७,७७७ | १५,१४७ | - | १५,१४७ | ३२% | |
| २ | सहरी खानेपानी तथा सरसफाई आयोजना (UWSSSP) | | - | ७०३,७०० | ७०३,७०० | - | ५४४,६५० | ५४४,६५० | ७७% | |
| ३ | शहरी पूर्वाधार विकास आयोजना (UIDP) | | | १,१७४,००० | १,१७४,००० | - | ३१६,२९० | ३१६,२९० | २७% | |
| | **जम्मा** | | - | १,८७७,७०० | १,८७७,७०० | - | ८६०,९४० | ८६०,९४० | ४६% | |
| ४ | शहरी बिकास कार्यक्रम (चक्रिय कोष) | | - | ४४८,२५९ | ४४८,२५९ | - | - | - | - | |
| **५** | **सह लगानी कार्यक्रम** | | | | | | | | | |
| ५.१ | खानेपानी क्षेत्र आयोजना (साना शहर) | | - | २२०,००० | २२०,००० | - | १०५,६६१ | १०५,६६१ | ४८% | |
| ५.२ | खानेपानी क्षेत्र आयोजना (नगरपालिका) | | - | १२५,२४२ | १२५,२४२ | - | - | - | - | |
| | **जम्मा** | | - | ३४५,२४२ | ३४५,२४२ | - | १०५,६६१ | १०५,६६१ | ३१% | |
| | **आयोजनाहरूमा भएको कुल जम्मा लगानी** | | **४७,७७७** | **२,८८०,००१** | **२,९२७,७७८** | **१५,१४७** | **९६६,६०१** | **९८१,७४८** | **३४%** | |

# तालिका नं. ८ : आ.व. २०७८/७९ को ऋण असुली लक्ष्य तथा प्रगति

रू. हजारमा

| सि.नं. | ऋण लगानीको श्रोत | कुल उठाउन बाँकी ऋण लगानी (ब्याज पूँजीकरण सहित) | २०७८ असारमा उठ्न बाँकी | | | २०७८/७९ असारमा उठाउन पर्ने | | | २०७८/७९ असारमा उठेको | | | असूल हुन बाँकी | | | असुली प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा | |
| १ | नगर विकास कार्यक्रम दोस्रो चरण (के.एफ.डब्लु.) | २०७,४४० | १५,४३१ | १,६४० | १७,०७१ | २२,३९४ | १९,३२३ | ४१,७१७ | २६,७०७ | १९,४८५ | ४६,१९३ | १२,५३० | १,२६२ | १३,७९२ | ७९% |
| २ | नगर विकास कार्यक्रम तेस्रो चरण (के.एफ.डब्लु.) | ५४३,९०९ | ५,६४६ | १,७४४ | ७,३९१ | ४३,३८० | ३६,०२३ | ७९,४०३ | ३४,३९५ | २७,६८२ | ६२,०७७ | १७,१०२ | १०,०४० | २७,१४२ | ७२% |
| ३ | शहरी वातावरण सुधार आयोजना (ए.डि.वी) | ५७,८३९ | १२,२५४ | २,९९७ | १५,२५१ | १३,१०६ | ५,०१५ | १८,१२१ | ८,७६४ | ३,३९२ | १२,१५६ | १७,२१५ | ४,६६८ | २१,८८३ | ३६% |
| ४ | मझौला सहर एकीकृत सहरी वातावरणीय सुधार आयोजना (ए.डि.वी) | ९८६,३४८ | ४६,८२९ | ४०,७२६ | ८७,५५५ | ६१,८६५ | ५१,२३१ | ११३,०९६ | ५३,७३६ | ५७,७०४ | १११,४४० | ५६,७५६ | ३४,०९६ | ९०,८५३ | ५६% |
| ५ | प्रथम चरण साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | ३९४,६०२ | १६३,१८३ | ६७,८८१ | २३१,०६४ | ४८,३५४ | २९,२४२ | ७७,५९६ | ३४,८७२ | २४,५६६ | ५९,४३८ | १८७,५१७ | ७२,३२८ | २५९,८४४ | १९% |
| ६ | दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | १,६४५,३४७ | १६८,९११ | ७४,९०० | २४३,८१२ | १०९,२१० | ८१,७२७ | १९०,९३७ | ७०,२९२ | ६६,८२३ | १३७,११५ | २१६,६९१ | ९२,२०० | ३०८,८९१ | ३२% |
| ७ | एकीकृत शहरी विकास आयोजना (ए.डि.वी) | ९४२,१७४ | ४,२३२ | | ४,२३२ | ५३,२४८ | ४९,१८३ | १०२,४३१ | ५४,७९१ | ४९,२६१ | १०४,०५२ | २,६२४ | ० | २,६२४ | ९८% |
| ८ | नगर विकास कार्यक्रम –चक्रीय कोष (आन्तरिक) | २९,५१२ | २,५०५ | २,०४९ | ४,५५४ | ४,७३७ | ३,०९६ | ७,८३३ | १०,५६७ | २,७२१ | १३,२८८ | २,३४६ | २,०१७ | ४,३६३ | १०७% |
| ९ | साना शहरी खानेपानी तथा सरसफाई आयोजना (प्रथम चरण (पुन:निर्माण आयोजना) | २००,४८७ | ३५,६५८ | १३,३६५ | ४९,०२३ | २८,२५५ | ११,४५९ | ३९,७१४ | ३२,२३६ | ११,४०५ | ४३,६४१ | ३५,१७२ | १३,३३४ | ४८,५०६ | ४९% |
| १० | सहरी शासकीय क्षमता विकास कार्यक्रम ( विश्व बैंक ऋण) | १३८,१०३ | ६४६ | | ६४६ | ८,३८७ | ६,८६५ | १५,२५२ | ५,६१२ | ४,९६८ | १०,५८० | ३,८६७ | २,१२६ | ५,९९३ | ६७% |
| ११ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | १,७४०,४५२ | २४,३६६ | २३,४८९ | ४७,८५५ | ३५,०१२ | ४३,०४५ | ७८,०५७ | २३,५०८ | ६२,८३० | ८६,३३७ | ४६,९३६ | ४६,३३३ | ९३,२६९ | ६९% |
| १३ | सह लगानी खानेपानी आयोजना | ४३१,९५६ | | | ० | | | ० | ५,५७६ | १५,३९७ | २०,९७३ | | | ० | |
| १४ | सह लगानी नगर पालिका | १७,४२७ | | ८६ | ८६ | | ८९९ | ८९९ | ५५५ | ६८३ | १,२३८ | ७०५ | ३०१ | १,००६ | १२६% |
| १५ | दिगो शहरी यातायात | ४४,१८९ | ८,७३८ | २,७९३ | ११,५३२ | ६,९७४ | १,९६३ | ८,९३७ | | | ० | १५,७१२ | ५,००९ | २०,७२१ | ०% |
| १६ | शहरी खानेपानी आयोजना | १,४९१,७७१ | | | ० | | | | ९८५ | २३,२८० | २४,२६५ | | | ० | |
| १७ | शहरी पूर्वाधार विकास आयोजना | ७०३,२५३ | | १,५९५ | १,५९५ | २०,८९६ | २४,०९५ | ४४,९९१ | १९,३०३ | ३१,०६० | ५०,३६३ | ५,२७६ | ० | ५,२७६ | १०८% |
| | जम्मा | **९,५७४,८०९** | **४८८,३९९** | **२३३,२६७** | **७२१,६६५** | **४५५,८१८** | **३६३,१६६** | **८१८,९८३** | **३८१,९००** | **४०१,२५६** | **७८३,१५६** | **६२०,४४९** | **२८३,७१४** | **९०४,१६३** | **५१%** |

# वित्तीय अवस्थाको विवरण

## २०७८ श्रावण १ देखि २०७९ असार ३२ सम्मको

रकम रू. मा

| विवरणहरू | नोट | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **सम्पति** | | | |
| नगद तथा नगद समान | ४.१ | १,१२१,१२४,८४४.०० | १,८९३,६५६,३३५.०० |
| **नगरपालिकाहरू लाई ऋण तथा पेश्की** | ४.२ | ९,७१४,८४७,५२९.०० | ९,३३१,२२२,४२२.०० |
| अन्य पेश्की तथा ऋण | ४.३ | ५६,६१७,७०९.०० | २९,०६८,१४९.०० |
| लगानी | ४.४ | २,५००,०००,०००.०० | १,०००,०००,०००.०० |
| चालु कर सम्पति | ४.५ | ९१८,६३८.०० | २८,६०४,३६९.०० |
| सम्पत्ति तथा उपकरण | ४.६ | १४६,७७१,९८४.०० | १४६,५३१,८७१.०० |
| अमुर्त सम्पत्ति | ४.७ | १७०,६८२.०० | २३४,९५७.०० |
| स्थगत कर सम्पत्ति | ४.८ | १४१,७३८,९५९.०० | १३,३८२,२३१.०० |
| कन्ट्रिब्युसन रिर्सिएवलस् | ४.९ | १५,२८६.०० | ९४,४३०,५८१.०० |
| अन्य सम्पत्ति | ४.१० | ८,९६६,८६३.०० | ७,२९३,४४१.०० |
| **जम्मा सम्पत्ति** | | **१३,६९१,१७२,४९४.००** | **१२,५४४,४२४,३५६.००** |
| **दायित्व तथा इक्विटी :** | | | |
| **दायित्व** | | | |
| अवितरित अनुदान | ४.११ | ६६,०४६,७६१.०० | १३४,५१४,४६८.०० |
| ऋण दायित्व | ४.१२ | ६,९०२,०२३,७४६.०० | ६,२३२,२४६,१६७.०० |
| ब्यवस्था | ४.१३ | ११९,३४२,०३६.०० | (१५,१३०,०६६.००) |
| स्थगीत कर दायित्व | ४.८ | - | - |
| अन्य दायित्व | ४.१४ | ३,५३६,७६३.०० | २,६१९,४११.०० |
| जम्मा दायित्व | | **७,०९०,९४९,३०६.००** | **६३५४२४९९८०.००** |
| **इक्विटी** | | | |
| शेयर पूँजी | ४.१५ | २,७६२,९७९,७९४.०० | २,७६२,९७९,७९४.०० |
| पूँजी कोष योगदान : | | | |
| नियन्त्रित कोष | ४.१६ | २,१११,००५,४२३.०० | १,८०६,६४७,८७५.०० |
| विशेष कोष | ४.१७ | (२६७,८२९,७६९.००) | (१५,५१३,७५५.००) |
| प्रतिधारित आय | | - | - |
| साधारण जगेडा | | - | - |
| सञ्चित मुनाफा/(घाटा) | ४.१८ | १,९९४,०६७,७४०.०० | १,६३६,०६०,४६२.०० |
| **जम्मा इक्विटी** | | **६,६००,२२३,१८८.००** | **६,१९०,१७४,३७६.००** |
| **जम्मा दायित्व तथा इक्विटी** | | **१३,६९१,१७२,४९४.००** | **१२,५४४,४२४,३५६.००** |

## नाफा नोक्सान तथा विस्तृत आयको विवरण

### २०७८ श्रावण १ देखि २०७९ असार ३२ सम्मको

रकम रू. मा

| विवरणहरू | नोट | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.१९ | ४७६,३३६,६८२.८७ | ६१४,३४६,१७०.४२ |
| ब्याज खर्च | ४.२ | ७७,२१७,०११.९३ | ११४,३२६,८९८.५६ |
| **खुद ब्याज आम्दानी** | | **३९९,११९,६७०.९४** | **५००,०१९,२७१.८६** |
| शुल्क तथा कमिसन आम्दानी | ४.२१ | - | ३,८२७,५३३.०० |
| शुल्क तथा कमिसन खर्च | ४.२२ | ८,३३५.०० | १२,८७०.८० |
| खुद शुल्क तथा कमिसन खर्च | | **(८,३३५.००)** | **३,८१४,६६२.२०** |
| **खुद संञ्चालन आम्दानी** | | **३९९,१११,३३५.९४** | **५०३,८३३,९३४.०६** |
| अन्य वित्तीय उपकरणवाट फियर भ्यालुको खुद नाफा | | | |
| अनुदान आय | ४.२३ | ३८,८९२,०२४.३५ | २९,३५२,८७३.४० |
| अन्य आय | ४.२४ | १,७२८,३२९.२४ | २,४०४,९६५.९२ |
| **जम्मा आय** | | **४३९,७३१,६८९.५३** | **५३५,५९१,७७३.३८** |
| वित्तीय सम्पत्तिको खराव नोक्सानी | | - | - |
| सम्पत्ति र उपकरणको खराव नोक्सानी | | (५४,६७१.९७) | - |
| कर्मचारी खर्च | ४.२५ | ३६,०५२,९०९.५७ | २७,२०१,२९२.९० |
| संञ्चालन लिज खर्च | ४.२६ | ३,५६४,०००.०० | ३,७४८,८००.०० |
| ह्रास कट्टी र परिषोधन (Amortisation) | ४.६ | ४,२९५,४८४.०० | ४,३५१,४९९.४६ |
| अन्य खर्च | ४.२७ | ४१,६१६,७८९.१९ | २८,३७४,६७२.०३ |
| अनुदान खर्च | ४.२८ | ३६,१३८,७०२.७९ | २६,०३५,९०१.०२ |
| कर्जा जोखिम ब्यवस्था | | ७७,१०१,६७४.३८ | ६०,२१८,५६७.३३ |
| कर अघिको मुनाफा | | २४१,०१६,८०१.५७ | ३८५,६६१,०४०.६४ |
| आयकर खर्च | ४.२९ | ३९,१६०,५५८.५७ | ९७,०१३,७६८.६४ |
| यस अवधिको मुनाफा | | २०१,८५६,२४३.०० | २८८,६४७,२७२.०० |
| अन्य विस्तृत आय | | | |
| **नाफा नोक्सानमा पुन : वर्गिकरण नगरिने बुँदाहरू** | | | |
| पुन : वर्गिकरण गरिएका दायित्व सम्पत्ति र उपदान | | (१३७,३७८,५३९.००) | १६५,२९२.०० |
| माथि वर्गिकरण गरिएका बुँदाको आयकर | | (४१,२१३,५६१.७०) | ४१,३२३.०० |
| | | **(९६,१६४,९७७.३०)** | **१२३,९६९.००** |
| नाफा नोक्सानमा पुन : वर्गिकरण नगरिएका वा गर्न सकिने बुँदाहरू | | | |
| विदेशी विनिमय कारोवार वाट भएको फरक | | - | - |
| सम्पत्ति मूल्याङकनमा भएको नाफा नोक्सान | | - | - |
| माथि वर्गिकरण गरिएका बुँदाको आयकर | | - | - |
| फियर भ्यालु जगेडा | | | |
| फियर भ्यालुमा भएको खुद फरक | | - | - |
| पुन वर्गिकरणले नाफा नोक्सानमा खुद फरक | | - | - |
| माथि वर्गिकरण गरिएका बुँदाको आयकर | | - | - |
| अन्य विस्तृत आम्दानी र खुद कर | | **(९६,१६४,९७७.३०)** | **१२३,९६९.००** |
| **जम्मा विस्तृत आम्दानी** | | **२९८,०२१,२२०.३०** | **२८८,५२३,३०३.००** |

# नगद प्रवाह विवरण

## २०७८ श्रावण १ देखि २०७९ असार ३२ सम्मको

रकम रू. मा

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **कारोवार संञ्चालनवाट नगद प्रवाह** | | |
| ब्याज र कमिशन | ५८०,१५६,०१३.२४ | ४२९,७१७,८९३.९४ |
| ब्याज खर्च | (२७,२८७,५०१.००) | (५६,४१२,२५४.००) |
| कट्टा गरिएको ऋणको असुली | - | - |
| कर्मचारी र सप्लायरलाई नगद भुक्तानी | (८०,९०९,६०३.७१) | (६३,३३०,६८०.४२) |
| सञ्चालन सम्पत्ति र दायित्व परिवर्तन अघिको सञ्चालन नगर प्रवाह | ४७१,९५८,९०८.५३ | ३०९,९७४,९५९.५२ |
| **संञ्चालन सम्पतीको घट/बढ** | | |
| मौज्दात | (२३८,६३१.९१) | (२८,११३.५६) |
| अन्य पेश्की | (५५,६०२.९२) | (१०३,४८७.६२) |
| **ऋणमा परिवर्तन :** | | |
| आयोजनामा ऋण लगानी (टिडिपी /केएफडब्लु) | - | (१०१,९३०,३१२.००) |
| आयोजनामा ऋण लगानी (एडिबी) | (५४४,६५०,२४९.००) | (६३८,०३३,१९१.००) |
| आयोजनामा ऋण लगानी (विश्व बैक) | (३१६,२८९,५६३.००) | (२९३,६०४,०७७.००) |
| इंक्विटी वाट ऋण लगाानी | (१०५,६६१,३७४.००) | (११०,७४२,५९०.००) |
| नगरपालिकावाट ऋण असुली | ३८१,४२०,६०६.१७ | ३८३,८०७,२१४.८९ |
| चक्रिय कोषमा सारिएको ऋण | (६१,१०२,४३४.८२) | (८८,२४४,५१७.२९) |
| **कारोवार सञ्चालनवाट नगद प्रवाह** | **(१७४,६१८,३४०.९५)** | **(५३८,९०४,११४.०६)** |
| आयकर भुक्तानी | (९८,६१७,९९३.८७) | (११४,३७५,४३५.२२) |
| **कारोवार सञ्चालनवाट मौजुदा खुद नगद प्रवाह** | **(२७३,२३६,३३४.८२)** | **(६५३,२७९,५४९.२८)** |
| **लगानी कारोवारमा नगर प्रवाह** | | |
| बैकको मुद्धती खातामा लगानी | (१,५००,०००,०००.००) | ३५०,०००,०००.०० |
| कर्मचारी लाई ऋण लगाानी | (५,८३५,४५६.००) | (११,३०७,७४४.००) |
| कर्मचारीवाट ऋण असुली | ४,३०८,२९५.८० | ३,४७७,००७.०८ |
| सम्पत्ति र उपकरणको विक्री प्रकृया | - | - |
| सम्पत्ति र उपकरणको खरिद | (४,४१६,६५२.४८) | (३,४६३,५३०.९६) |
| अमुर्त सम्पत्तिवाट आर्जन | | - |
| **लगानी कारोवारमा मौजुदा खुद नगद प्रवाह** | (१,५०५,९४३,८१२.६८) | ३३८,७०५,७३२.१२ |
| **वित्तीय कारोवारवाट नगद प्रवाह** | | |
| पूँजिगत लगानी कोषमा बृद्धि (जिटिजेड र केफडब्लु) | | |
| केफडब्लु स्रोत तर्फको कार्यक्रमका लागि प्राप्त रकम | १११,८६४,७२३.०० | १३९,९१९,२४०.०० |
| ब्याज आम्दानी र विदेशी मुद्रा सटही नाफा /घाटा | - | - |
| नेपाल सरकारवाट प्राप्त ऋण रकम (एडिबी स्रोत तर्फको आयोजना) | ७०३,७००,०००.०० | १,२९५,५००,०००.०० |
| नेपाल सरकारवाट प्राप्त म्याचिङ फण्ड | ४१,०९४,३०७.०० | २४,०००,०००.०० |
| नेपाल सरकारवाट प्राप्त अनुदान रकम (विश्व बैक स्रोत तर्फको आयोजना) | - | - |
| नेपाल सरकारवाट प्राप्त ऋण रकम (विश्व बैक स्रोत तर्फको आयोजना) | (५१,२८५,४२०.७९) | (९३,९५४,५९३.०२) |
| अनुदान लगानी (न.पा तथा अन्य) | - | - |
| नेपाल सरकारवाट प्राप्त अनुदान रकम (विश्व बैक स्रोत तर्फको आयोजना) | - | - |
| नेपाल सरकारलाई सोधभर्ना फिर्ता (विश्व बैक स्रोत तर्फको आयोजना) | - | (३,८२७,५३३.००) |
| सेवा शुल्क (केएफडब्लु) | - | - |
| सेवा शुल्क (विश्व बैक) | १९०,२६८,१८०.२७ | १४,३१६,१४६.४३ |
| सेवा शुल्क (विश्व बैक) | - | - |
| अनुदान प्राप्त (एडिबी) | ६१,१०२,४३४.८२ | ८८,२४४,५१७.२९ |
| चक्रिय कोषमा बृद्धि : | २०,३४५,१२८.८२ | २८,१७३,६१९.४९ |
| टिडिपी वाट ऋण असुली | १३,४११,२३४.६३ | १७,८१८,४५०.३३ |
| टिडिपीको ब्याज तर्फवाट | - | - |
| टिडिपी विशेष वचत तर्फवाट | (५,६९५,५८४.००) | (७०,०००,०००.००) |
| नेपाल सरकारलाई ऋण भुक्तानी | (७८,१५६,३४८.००) | (१५४,४७५,४४१.००) |
| **वित्तीय कारोवारवाट मौजुदा नगद प्रवाह** | **१,००६,६४८,६५५.७५** | **१,२८५,७१४,४०६.५२** |
| नगद तथा नगद समानमा भएको खुद बढ/घट | (७७२,५३१,४९१.७५) | ९७१,१४०,५८९.३६ |
| नगद तथा नगद समानको शुरूवाती मौज्दात | १,८९३,६५६,३३५.३६ | ९२२,५१५,७४६.०० |
| नगद तथा नगद समानमा विदेशी विनिमयदरवाट परेको प्रभाव | - | - |
| **नगद तथा नगद समानको अन्तिम मौज्दात** | **१,१२१,१२४,८४३.६१** | **१,८९३,६५६,३३५.३६** |

# ८. कोषबाट सम्पन्न भएका विभिन्न क्रियाकलापहरू

## शहरी पूर्वाधार विकास आयोजना अन्तर्गत ऋण सम्झौता कार्यक्रम




*(दशरथचन्द बहुउदेश्यीय भवनका लागि २०७८/०९/५ मा सम्पन्न ऋण सम्झौता कार्यक्रम)*



*(ईनरूवा सपिङ्ग कम्प्लेक्सका लागि २०७८/११/८ मा सम्पन्न ऋण सम्झौता कार्यक्रम)*




*(बुधबारे कृषि बजार आयोजनाका लागि २०७८/०९/५ मा सम्पन्न ऋण सम्झौता कार्यक्रम)*



*(दमक सपिङ्ग कम्प्लेक्सका लागि २०७८/१२/१५ मा सम्पन्न ऋण सम्झौता कार्यक्रम)*




*(छिन्चु बसपार्क आयोजनाका लागि २०७८/१०/६ मा सम्पन्न ऋण सम्झौता कार्यक्रम)*




*(कोल्हवी हाटबजार आयोजनाका लागि २०७८/९/७ मा सम्पन्न ऋण सम्झौता कार्यक्रम)*




(पथरे शनिस्चरे सपिङ्ग कम्प्लेक्सका लागि २०७८/९/७ मा सम्पन्न ऋण सम्झौता कार्यक्रम)



(पाल्पा बसपार्क आयोजनाका लागि २०७८/१२/११ मा सम्पन्न ऋण सम्झौता कार्यक्रम)




(मेची नगर कृषि मण्डी आयोजनाको लागि २०७८/९/६ मा सम्पन्न ऋण सम्झौता कार्यक्रम)



(गुजारा बहुउदेश्यीय भवनका लागि २०७८/९/७ मा सम्पन्न ऋण सम्झौता कार्यक्रम)

## राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थासँगका कार्यक्रमहरू











## खानेपानी तथा सरसफाई आयोजनातर्फ ऋण सम्झौता कार्यक्रम



(बेलझुन्डी खानेपानी तथा सरसफाई उपभोक्ता बीच २०७८/९/८ मा सम्पन्न ऋण सम्झौता कार्यक्रम)




(बड्डीचौर खानेपानी तथा सरसफाई उपभोक्ता बीच २०७८/९/८ मा सम्पन्न ऋण सम्झौता कार्यक्रम)




(भादगाउँ कराँदी "खिरखाँदी" खानेपानी तथा सरसफाई उपभोक्ता बीच २०७८/१२/१४ मा सम्पन्न ऋण सम्झौता कार्यक्रम)



(गोरूसिङ्गे खानेपानी तथा सरसफाई उपभोक्ता बीच २०७८/११/४ मा सम्पन्न ऋण सम्झौता कार्यक्रम)



(झुम्का खानेपानी तथा सरसफाई उपभोक्ता बीच २०७८/९/८ मा सम्पन्न ऋण सम्झौता कार्यक्रम)




(सप्तकोशी खानेपानी तथा सरसफाई उपभोक्ता बीच २०७९/३/१३ मा सम्पन्न ऋण सम्झौता कार्यक्रम)

# ३४ औं वार्षिकोत्सव कार्यक्रम


















## शहरी विकास मन्त्रीज्यू तथा कोषका अध्यक्षज्यूको स्वागत तथा विदाई कार्यक्रम














## कोषका कर्मचारीहरूको विदाई कार्यक्रम





## शहरी पूर्वाधार तथा खानेपानी आयोजनाहरूको अनुगमन भ्रमण कार्यक्रम

















नगर विकास कोष
TOWN DEVELOPMENT FUND

मध्य वानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ०१ ४४९३८६६, ४४६५६५१, ४४६४८७४
इमेल: tdf@tdf.org.np
वेबसाइट: www.tdf.org.np